# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

मानवीय प्राणीको उत्पत्तिसँग मानव सभ्भयताको विकाससँगसँगै शिक्षाको विकास हुँदै गएको मानिन्छ । जसरी मानिसले विभिन्न युगहरु, कालहरु, वातावरण र परिस्थितिहरु पार गर्दै आजको विकसित, आधुनिक र वैज्ञानिक युगमा पवेश गरेको छ, त्यसरी नै शिक्षाले पनि विभिन्नि युगहरु, कालहरु र वातावरण तथा परिस्थितिहरु पार गर्दै आजको आधुनिक र सभ्य युगमा आइपुगेको हो । शिक्षाको उत्पत्ति भई आजसम्मको यसको जीवन यात्रालाईनै शिक्षाको विकास भनेर भनिन्छ । शिक्षाको विकासक्रामलाई हेर्दा निम्न तीन कालमा विभाजन गरी हेर्न सकिन्छ

प्राचीन अवस्थामा मानिस जंगली अवस्थामा रहेको थियो । जंगलमा हिँडडुल गर्नु आहाराको खोजी गर्नु उनीहरुको दिनचर्या हुन्थ्यो । ढुंगे युगको प्रवेशसँगै मानिसले आफ्ना आवश्यकताहरु पूरा गर्नका लागि हातहतियार बनाउनुका साथै जंगली जनावर मार्ने खाने गर्न थाल्यो, प्राचीन युगमा प्रवेश गरेलगत्तै मासिले जंगली संस्कारमा प्रवेश गऱ्यो । पछि गएर यसै कालमा गुरुकुल शिक्षाको प्रारम्भ भयो । विद्यार्थीहरु गुरुका आश्रममा बसी गुरुको सेवा गर्ने, भिक्षा मागी आफूले खाने र गुरुलाई पनि खुवाउने जस्ता कार्यमा पत्रमात्र शिक्षा सीमित भयो ।

प्राचिन समाज ज्यादै सरल थियो । आवश्यकताहरु पनि सरल थिए समाजको बढ्दो जटिलतासँग अनियमित शिक्षाले मात्र सामाजिक आवश्यकताहरु पूरा गर्न सम्भव भए, जसले गर्दा औपचारिक अर्थात अर्थात विद्यालयीय शिक्षाको समेत प्रारम्भ हुँदै गयो ।

मध्यकालीन अवस्थामा विद्यालय प्रणालीको व्यापक विस्तार हुँदै गयो तर शिक्षामा पहुँच सबैको भएन । शिक्षामा मानवतावाद, आदर्शवाद, प्रकृतिवाद, प्रक्रियामा परिवर्तन आयो । यसै समयमा विश्वमा ठूलाठूला क्रान्तिहरु भए । शिक्षाको परम्परागत स्वरुप परिवर्तन भई औपचारिक बन्दै गयो । तर शिक्षामा सबैको पहुँच रहेन, शक्ति, संघर्ष, अधिनाकयवाद र उग्रराष्ट्रवादहरु विकसित हुँदै गए ।

आधुनिककालमा गुरुकुल प्रणालीबाट विकसित हुँदै आएको शिक्षा वैज्ञानिक रुपमा परिणत भइसकेको छ । आज शिक्षा सर्वव्यापि, जीवनपर्यन्त, निरतर, माव अधिकार, वैज्ञानिक तथा न्याय प्रेमि बन्दै गइसकेको छ । खुल्ला शिक्षा, पत्रचार शिक्षा तथा स्वस्थ्य शिक्षा जस्ता शिक्षाहरु पनि प्रयाप्त मात्रामा रहेका छन् भने शिक्षामा आधानिक यन्त्रहरु, शिक्षणविधिहरु र प्रविधिलाई अझ विकसित पार्न निरन्तर अनुसन्धानहरुसमेत भइरहेका छन् ।

मानव जीवनको एउटा महत्वपूर्ण पूर्ण अंगका रुपमा मानिएको शिक्षाद्वारा मानिसले आफ्नो समग्र विकास गरी जीवनमा पूर्णता प्राप्त गर्न सक्दछ । अंग्रेजीको Education शब्द ल्याटिन भाषाका तीन शब्दहरु Educatum, Educere र Educare बाट आएको मानिन्छ । नेपालीमा शिक्षा शब्द संस्कृतिको विद्/शिक्ष/शिष् धानुबाट आएको हो जसको अर्थ सिक्नु, सिकाउनु वा जान्नु हुन्छ । शिक्षाशास्त्री सुकरातका अनुसार “प्रत्येक मानिसको मस्तिष्कमा अदृश्य रुपले विद्यमान संसारको त्यो सर्वमान्य विचारलाई प्रकाशमा ल्याउनु नै शिक्षा हो”, अरस्तुले “ स्वस्थ्य शरीरमा स्वस्थ मस्तिष्कको निर्माण गर्नु नै शिक्षा हो, शिक्षाले मानव शक्तिहरुको विशेष रुपले मानसिक शक्तिहरुको विकास गर्दछ जसद्वारा उसले सत्यम्, शिवम् सुन्दरम् को भावनाको आनन्द लिन सक्षम हुन्छ” भनेर भनेका छन् , (शर्मा, २०६६) ।

कुनै पनि पक्षको राम्रो तवरबाट सञ्चालन गर्नु नै व्यवस्थापन हो । सामुदायिक विद्यालयमा व्यवस्थपनको निकै महत्वपूर्ण भूमिका रहेको हुन्छ । यदि उचित किसिमले त्यसको रेखदेख सञ्चालन गर्न नसकेको खण्डमा सही कार्यक्रम पनि असफल भएर

जान सक्दछ । विद्यालय एउटा सामाजिक एवं शैक्षिक संस्था भएकोले विद्यालयमा व्यवस्थापन राम्रो हुनु आवश्यक छ । विद्यालयमा कलिला बालवालिकाको भविष्य निर्माण गर्ने काम गरिन्छ । व्यवस्थापनले जनस्रोत र सामग्री स्रोतको उपयुक्त परिचालन गरी उच्चतम शैक्षिक उपलब्धीको वातावरणको सिर्जना गर्ने काम र कामप्रति सकरात्मक प्रवृत्तिको विकास गर्ने काम गर्दछ । हरेक संस्थाको सफलता संगठित एवम् सामूहिक प्रयासबाट मात्र संभव हुन्छ । मा.वि.को उचित व्यवस्थापनको लागि नेपालमा विभिन्न समयमा विभिन्न उपायहरु अपनाउँदै आएको पाइन्छ । (पण्डित, २०५४) ।

Joj:yfkg eg]sf] Pp6f of]hgf, ;+u7g, g]t[Tj / IgoGq0fsf] k|lqmof xf] h;n] ;f+u7gLs ;b:ox¿nfO{ ;+u7gdf pknAw ;fwg / ;|f]tsf] k"0f{ kl/rfng ul/ pk]lIft pknlAw k|fKt ug{ ;xof]u k'¥ofpFb5 . व्यवस्थापनलाई कुनै पनि संघ संस्थाको सफलता प्राप्त गर्ने कडीको रुपमा लिने गरिन्छ । व्यवस्थापनको माध्यमबाट व्यवसायमूलक वा सेवामूलक संघसंस्थाले निर्धारित लक्ष्य सफलताका साथ पुरा गर्न सक्दछ । मानव सभ्यताको विकास र विस्तारसंगै व्यवस्थापनको पनि समयानुकुल विकास र विस्तार हुदै आएको पाइन्छ ।  कुनै पनि संगठनको उद्देश्य प्राप्तिका लागि संलग्न जनशक्तिलाई नै कर्मचारी भनेर भनिन्छ ।

विद्यालयमा कर्मचारीहरु १० बजेदेखि ४ बजेसम्म अनवरत रुपमा शैक्षिक कामकाजका लागि खटिरहेका हुन्छन् । विद्यालयको लेखा राख्ने लेखापाल, विद्यालयमा कार्यरत पियन, साना नानीबाबुहरुको स्यार सुसारमा खटिएकी आया, विद्यालयका कार्यरत सुरक्षागर्ड, जस्ता जनसशक्तिहरु विद्यालय कर्मचारी अन्तर्गत पर्दछन् । वातस्वमा भन्ने हो भने विद्यालयलाई के कस्तो गति प्रदान गर्ने भन्ने आधारशीलाका रुपमा कर्मचारीहरुलाई नै लिन सकिन्छ । विद्यालयको सुरक्षाका निम्ति खटिका सुरक्षाकर्मी विद्यालयमा दिनरात खटिइरहेका हुन्छन् भने सामुदायिक विद्यालयमा सुस्त तथा अपांग बालबालिकाहरुको छात्रवासमा कार्यरत आयाहरु

पनि चौवीसै घण्टा विद्यालय सेवामा नै कार्यरत हुन्छन् । विद्यालयको आर्थिक कारोवार, भौतिक रेखदेख तथा अध्ययनरत विद्यार्थीहरुको स्याहार सम्हारका लागि खटिएका कर्मचारीहरुबीच उचित व्यवस्थापन गर्न नसकिएको खण्डमा त्यसले बालबालिकाहरुको शिक्षामा प्रतिकूल प्रभाव पार्न पुग्दछ ।

विगतका दिनहरुमा भन्दा सरकारी लगानी शिक्षाक्षेत्रमा दिनप्रतिदिन बढ्दै गइरहेको छ, शिक्षा भने ठीक त्यसको उल्टो दिशातिर नतिजा बढ्नुको सट्टा खस्कँदै गइरहेको यथार्थ सामुदायिक विद्यालयका धेरैजसो विद्यालयहरुमा रहेको पाइन्छ । प्रत्यक्ष रुपमा हेर्द विद्यार्थीका अगाडि उभिएर अध्यापन गर्ने शिक्षकले मात्र गराउने भएको हुँदा विद्यार्थीको नतिजामा शिक्षकहरु जवाफदेही रहेका हुन्छन् नै तर पनि विद्यालयमा कार्यरत कर्मचारीहरु बिचको बेमेल, वैमन्सयता, नैरास्यता, आर्थिक हिनामिना, भौतिकवस्तुको उचित व्यवस्थापन नगरिदिनु जस्ता कुराहरुले पनि विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पारिरहेको हुन्छ । विद्यालयको मानव स्रोतको रुपमा क्रियाशील यी कर्मचारीहरुले विद्यालयको शैक्षणिक क्रियाकलापमा अग्रसरता देखाएका हुन्छन् ।

विद्यालयको नीति र व्यवहार, अभिभावकको दृष्टिकोण, सामूदायिक मूल्य आदि विषयवस्तुहरुले शैक्षिक उन्नयनमा मद्दत पुऱ्याउँदछन् । शैक्षिक उपलब्धिमा कर्मचारीको ज्ञान, सीप, क्षमता, इमान्दारिता जस्ता कुराहरुको प्रभावकारी रुपमा प्रयोग गरिनु आवश्यक रहन्छ ।

शैक्षिक उन्नयनका लागि परेका कर्मचारीहरुका लागि आवश्यक तालिम, उचित पारिश्रमिक, पेशाप्रति प्रोत्साहन जस्ता कार्यहरु गर्न सकेको खण्डमा  विद्यालयमा शिक्षक, कर्मचारी, विद्यार्थी, समुदाय-बीच उपयुक्त वातावरणको सृजना भइ शैक्षिक गुणस्तरका लागि समेत सघाउ पुग्दछ । विद्यालयको आर्थिक कारोवारलाई सम्हालेर बसेको एउटा लेखपाल, तल्लो दरवन्दीमा कार्यरत परिचर जस्ता कर्मचारीहरुको उचित व्यवस्थापन हुन नसकेमा त्यसको

नकरात्मक असर शिक्षक तथा विद्यार्थी दुवैमा परेको हुन्छ फलस्वरुप विद्यालय प्रशासन, शिक्षक, कर्मचारी, विद्यार्थी विद्यालय व्यवस्थापन समिति बीच नै बेमेल हुन गई शैक्षिक विकासमा प्रतिकुल असर पुग्न सक्दछ ।

यसरी विद्यालयमा विद्यालयलाई सुचारु ढंगबाट सञ्चालन गरेर शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन बीच सुमधुर वातारणको सृजना गरी शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि कर्मचारीको अहम् भूमिका रहने हुँदा सामुदायिक विद्यालयमा सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था  नामक शीर्षकमा यो शोधपत्र तयार पारिएको छ ।

सामुदायिक विद्यालयमा पनि कर्मचारीको उचित व्यवस्थापन हुनु आवश्यक छ । संस्थामा कार्यरत कर्मचारीहरु बिच नै बेमेलको सृजना भएका खण्डमा शैक्षिक गुणस्तरमा समस्या हुनुका साथै विद्यालयको शैक्षिक वातावरणमा नै समस्याको सृजना हुन गई पठनपाठन नै थप्प हुने खालका समस्या समेत सृजना हुन सक्दछन् । विद्यालयमा कर्मचारीहरुलाई के कसरी व्यवस्थित गरिएको छ र उनीहरुका भावना र इच्छाहरुलाई के कसरी सम्बोध हुने गरेको छ ? दिँदै आइएको पारिश्रमिक के कस्तो छ भन्ने जस्ता कुराहरुलाई आधार मानेर सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था नामक शीर्षकमा यो अध्यन अनुसन्धान गरिएको छ ।

## १.२ समस्याको कथन

सरकारले शिक्षा क्षेत्रमा ठूलो धनराशी खचिरहेको छ ? विभिन्न प्राविधिक तथा व्यवसायिक शिक्षाहरुको समेत समावेश गरी विद्यार्थीहरुलाई आकर्षण गर्ने प्रयासहरु भएका छन् तर पनि नतिजा न्यून हुनुका साथै विद्यालयमा विद्यार्थी उपस्थिति दर समेत कम हुने समस्या दिन प्रतिदिन बढी रहेको छ । विगतका एस.एल.सी. नतिजालाई हेर्ने हो भने पनि

सामुदायिकहरुमा सन्तोषजनक शैक्षिक उपलब्धि किन हुन सकेन ? कतै कर्मचारी व्यवस्थापन पक्षको कमजोरीले त होइन ? शैक्षिक गुणस्तरका लागि कर्मचारी व्यवस्थापन के कसरी हुनु आवश्यक छ ? कमचारी व्यवस्थापनले शैक्षिक उपलब्धिमा प्रभाव पारेको छ ? शैक्षिक गुणस्तर वुद्धि गर्न विद्यालयमा कमचारीलाई के कसरी व्यवस्थापन गर्नु आवश्यक छ ? कर्मचारी व्यवस्थापन र शैक्षिक उपलब्धिवीच शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति र अभिभावकको भूमिका के कस्तो रहेको छ ? सामुदायिक विद्यालयमा शिक्षक, विदार्थी, विद्यालय प्रशासन बिच सुमधुर सम्बन्ध नहुनुमा कतै कर्मचारी व्यवस्थापन राम्रोसँग हुन नसकेर त होइन ? विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धिका लागि कर्मचारी व्यवस्थापन के कसरी गर्नु आवश्यक छ ? यीनै प्रश्नहरुलाई मुख्य समस्याको रुपमा लिएर कर्मचारीको नियुक्ति, सरुवा, वढुवा, तालिम, शैक्षिक गुणस्तर वृद्धिमा उनीहरुको भूमिका जस्ता कुराहरुलाई अध्ययन अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

व्यवस्थापन भनेको एउटा योजना, संगठन, नेतृत्व र नियन्त्रणको प्रक्रिया हो जसले सांगठनीक सदस्यहरूलाई संगठनमा उपलब्ध साधन र स्रोतको पूर्ण परिचालन गरि सांगठनीक उद्देश्यमा पु¥याउँदछ । व्यवस्थापनलाई कुनै पनि संघ संस्थाको सफलता प्राप्त गर्ने कडीको रुपमा लिने गरिन्छ । विद्यालयमा अनवरत रुपमा खटिएर रहेका कर्मचारीहरुको उचित व्यवस्थापन हुन नसक्दा पनि बालबालिकाको शैक्षिक उपलब्धिमा प्रभाव पर्न सक्दछ । सामुदायिक विद्यालयमा कर्मचारीको उचित व्यवस्थापन गर्न नसकिएकै कारण शिक्षक, विद्यार्थी तथा वि.व्य.स. बीच राम्रो सम्बन्ध हुन नसक्दा शैक्षिक उपलब्धि वृद्धि हुनुका सट्टा दिन प्रतिदिन खस्कँदै जानु, अध्यापन कार्यका लागि शिक्षकहरुलाई रुचि कम हुनु, कर्मचारीको उचित व्यवस्थापन नहुँदा उनीहरुले आफ्नो पेशाप्रति नैरास्यता प्रकट गर्नु जसको प्रत्यक्ष असरले शिक्षकलाई अध्यापन गर्न असहज वातावरण सृजना हुनुजस्ता कुराहरुले सामुदायिक विद्यालयमा शैक्षिक उपलब्धि दिन प्रतिदिन खस्कँदै गएको पाइन्छ ।

यसरी कर्मचारीको उचित व्यवस्थापन हुन नसक्दा विद्यालयमा देखिएका विविध समस्यालाई दृष्टिगत गर्दै सामुदायिक विद्यालयमा सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था  नामक शीर्षकमा प्रस्तावित शोधपत्र तयार गर्न लागिएको छ ।

सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनबारे जानकारी लिन । विद्यालयमा कर्मचारीहरुका समस्याहरु पहिचान गर्न गरी निराकरणका उपायहरु सुझाउन । सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था का बारेमा जानकारी पहिचान गरी कर्मचारीहरुलाई उचित व्यवस्थापन गर्न । भावी अनुसन्धानकर्ताले सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीका समस्या, सेवा सुविधाका बारेमा जानकारी पहिचान गरी कर्मचारी व्यवस्थापनका बारेमा अरु थप अध्ययन अनुसन्धान गर्न सन्दर्भग्रन्थको प्रयोगमा आउने छ ।

विद्यालयमा कर्मचारीको अवस्था, उनीहरुका सेवा सुविधा, कार्यभार, विद्यालय प्रशासनले उनीहरुलाई गर्ने व्यवहार, सरकारी स्तरबाट उनीहरुका लागि व्यवस्थापन गरिएका सेवासुविधा जस्ताकुराहरुलाई मुख्य विषयवस्तुका रुपमा आधार मानेर गर्न लागिएको प्रस्तावित शोधपत्र सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनमा देखा परेका समस्याहरुको केहीमात्रामा भए पनि न्यूनीकरण गरी शैक्षिक उपलब्धि वृद्धिका लागि औचित्य पूर्णभएको छ ।

### १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरुलाई निम्नानुसार प्रस्तुत गरिएका छन् :

१) सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको  अवस्था पहिचान गर्नु ।

२) कर्मचारी व्यवस्थापनले शिक्षामा प्रभावपार्ने तत्वहरुको लेखाजोखा गर्नु ।

३) सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापन का समस्याहरु पहिचान गर्नु ।

४) सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापन गरी शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायहरु सुझाउनु ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनका निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरु रहेका छन् ।

१) सामुदायिक विद्यालयमा कर्मचारीहरुलाई दिइने सेवा सुविधा के कस्तो रहेको छ ?

२) सामुदायिक विद्यालयमा शिक्षक, कर्मचारी बिचको सम्बन्ध के कस्तो रहेको छ ?

३) विद्यालयमा कर्मचारी व्यवस्थापनले शिक्षामा के कस्तो प्रभाव पारेको हुन्छ ?

४) कर्मचारी व्यवस्थापनमा देखिएका समस्याहरु के के हुन सक्छन् ?

५) कर्मचारीको उचित व्यवस्थापन गरी शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायहरु के के हुन सक्छन् ?

## १.७ अध्ययनका परिसिमाहरु

अध्ययन अनुसन्धानकार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गरी निश्चित लक्ष्यमा पुग्नका लागि अनुसन्धानको सम्पूर्ण पक्षहरूलाई समेटेर अध्ययन गर्न असहज हुने हुँदा यस अध्ययन अनुसन्धानलाई निम्नलिखित बुँदाहरूमा सीमाङ्कन गरी अध्ययन अनुसन्धान गरिएको छ :

प्रस्तावित शोधपत्रमा देवघाट स्रोतकेन्द्र अन्तर्गत देवघाट गा.वि.स भित्ररहेका २२ विद्यालयहरुमध्येबाट मा.वि. तथा नि.मा.वि. मध्ये श्री बज्रयोगिनी मा.वि.,कालिका उ.मा.वि, सिद्ध महाकाली नि.मा.वि र महेस संस्कृत गुरुकुल मा.वि. गरी जम्मा ४ वटा विद्यालयका प्र.अ. १ का दरले ४ जना , कर्मचारी २।२ का दरले ८ जना, स्रोतव्यक्ति १ जना, शिक्षक २।२ का दरले ८ जना, विद्यार्थी प्रतिनिधि ४।४ का दरले

१६ जना, वि.व्य.स. अध्यक्ष १ का दरले ४ जना गरी जम्मा ४१ जनालाई अध्ययनको जनसंख्याको रूपमा छनोट  गरी छनोटमा परेका विद्यालयहरूमा प्राथमिक तथा द्बितिय स्रोतको प्रयोग गरेर प्राप्तभएको तथ्याङ्कलाई व्याख्या एवम् विश्लेषण गरिएको छ । यस अध्ययन अनुसन्धासँग सम्बन्धित लेखरचना, प्रतिवेदन र इमेल इन्टरनेटबाट प्राप्त जानकारीहरूलाई साहित्यको पुनरावलोकनको रूपमा अनुसन्धान गरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अनुसन्धानका क्रममा अनुसन्धान कार्यलई मूर्तरुप प्रदान गर्नका लागि आजभन्दा अगाडि गरिएका सम्बन्धित लेखरचनाहरुलाई साहित्यको पुनरावलोकनको रुपमा अध्ययन गरी उद्देश्य अनुसार पूर्णता प्रदान गर्नु अनुसन्धानकर्ताको दायित्व अन्तर्गत पर्दछ । सम्बन्धित साहित्यको पुनरावलोकन तथा अनुसन्धानसँग मिल्दोजुल्दो सैद्धान्तिक खाकाको प्रयोग गरी गरिएको अध्ययन कार्यले उद्देश्य अनुरुप पूर्णता पाउनुका साथै भोलिका दिनहरुमा समेत उपयोगी सिद्ध हुने भएको हुँदा सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनले शैक्षिक गुणस्तरमा पारेको प्रभाव नामक प्रस्तावित शोधपत्रसँग मिल्दाजुल्दा लेखरचना, पत्रपत्रिका र शोधपत्रहरुलाई अध्ययन गरी साहित्यको पुनरावलोकन रुपमा प्रस्तुत गर्नुका साथै अध्ययन कार्यसँग सम्बन्धित सैद्धान्तिक खाकालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

शैक्षिक संस्थाहरुलाई समाजको सानो रुपमा लिइन्छ । वर्तमान समाज निकै जटिल अवस्थामा गुज्रेको कछ । समाजका आवश्यकताहरु दिनानुदिन बढ्दै गइरहेका छन् । शैक्षिक संस्थाहरुलाई लघु समाजको रुपमा हेरिएकोले समाजमा बन्धुत्वको भावना जगाउन, चेतनशील, सहयोगी, कर्मप्रति विश्वास राख्ने, समाज र राष्ट्रप्रति बफादारी, कर्तव्यपरायण नागरिक तयार पार्ने जिम्मा समाजले शैक्षिक संस्थाहरुलाई नै दिइएको देखिन्छ । शैक्षिक संस्थाहरु हरेक समाजका ज्ञानपुञ्जहरु हुन्, चाहे त्यो सामुदायिक होस् या संस्थागत । मानव संशाधनको परिभाषा दिँदै एल.एल वेयर्स तथा साथीहरु भन्छन् । कर्मचारी व्यवस्थापन र मानव संशाधन व्यवस्थापनलाई कतिपयले एउटै अर्थमा लिएको पाइन्छ ।

कर्मचारी व्यवस्थापन परम्परागत मूल्यमान्यतामा आधारित हुन्छ । जसमा कर्मचारीको प्रशासन हेर्ने, तलब, सुविधा एवं कर्मचारी कल्याण र श्रमसम्बन्धि कार्य पर्दछन् जबकि

कर्मचारी व्यवस्थापन अनुशासित कार्यशैली र भूमिकामा आधारित नियन्त्रणमूलक कार्यपद्धतिसंग सम्बन्धित हुन्छ ।  कर्मचारीको उचित व्यवस्थापनले नै शैक्षिक संस्थामा शैक्षिक उपलब्धिका लागि आधारशिला निर्माण गरेको हुन्छ । कर्मचारीको उचित व्यवस्थापन गरेर समुधुर वातावरणमा बालबालिकाहरुलाई अध्यापन गराउन सकेका खण्डमा शैक्षिक संस्थाहरुले दक्ष, सीपयुक्त जनशक्ति उत्पादन गर्दछन् ।

साँच्चै शिक्षा क्षेत्रबाट गुणस्तरीयताको अपेक्षा गर्ने विद्यालयमा कर्मचारीको कार्य पारदर्शी हुनुका साथै उहीहरुलाई गर्ने व्यवहार पारदर्शी तवरको हुनु आवश्यक रहन्छ ।  शैक्षिक क्षेत्रहरुमा कर्मचारी तथा शिक्षकलाई नियुक्ति गर्दा राम्रा मान्छेलाई होइन, हाम्रा मान्छेलाई जागीर दिनुपर्छ भन्ने रुढ मानसिकताले गर्दा विद्यालय भनेको जागीर खाने थलोको रुपमा मात्र लिइने, उपलब्धी शुन्य हुने गरेको देखिन्छ । शैक्षिक संस्थाहरुमा शिक्षक, विद्यार्थी अभिभावक लगायत सरोकारवाला सवैसंगको सम्बन्ध सुमधुर राख्ने, पेशावृति विकासमा जोडदिने, शिक्षक नियुक्ति गर्नुका साथै उनीहरुलाई दिने पारिश्रमिक, कार्यभार, उचित प्रोत्साहन जस्ता कुराहरुले कुनै पनि शिक्षक तथा कर्मचारीमा आफ्नो कामप्रति जिम्मेवार बनेर लाग्नका  लागि अपरिहार्य भूमिका निर्वाह गर्ने भएको हुँदा विद्यालयमा कर्मचारी तथा तनावको व्यवस्थालाई प्रभावकारी बनाइनु पर्ने कुरालाई लेखले उजागर गरेको छ, (थापा, २०१२) ।

विद्यालय व्यवस्थापन समितिको इच्छा विपरित सरुवा, वढुवा, पुरस्कार, दण्ड, सजाय, मूल्याङ्कन तथा कर्मचारी विकास, कल्याणकारी कार्यक्रम, र कार्यविवरण इत्यादि जस्ता व्यवस्थापकीय कार्य अझै पनि केन्द्रीय निकायको भूमिका तथा नियन्त्रणभन्दा वाहिर जान सकेको छैन । स्थानीय नेतृत्व वा केन्द्रीय निकाय प्रति अझ स्पष्ट छैन । ऐन नियम तथा विद्यालय व्यवस्थापन हस्तान्तरण निर्देशिकामा देखिएका दुविधाहरुले शिक्षकलाई दण्ड तथा सजाय कसले गर्ने ? विद्यालय व्यवस्थापन समिति, समुदाय तथा स्थानीय निकायले जिल्लास्तर, क्षेत्रीयस्तर तथा राष्ट्रियस्तरका प्रशासक कसले गर्ने ? यसको वारेमा नीतिगत अस्पष्टता कायमै छ । यदि यस्तो

अधिकार विद्यालय व्यवस्थापन समूहलाई नहुने हो भने विद्यालयमा आधारित शिक्षक तथा कर्मचारी व्यवस्थापन हुन सक्ला र ? अहिले पनि शैक्षिक प्रशासक तथा व्यवस्थापनका लागि यो कुरा हाँक र चुनौती बनेको छ । जसले गुणस्तरीय शिक्षा प्रदानका लागि प्रत्यक्ष तथा परोक्ष रुपमा नकरात्मक प्रभाव पारि रहेको हुन्छ, (धामी २०६१) ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र, शिक्षा देश विकासको आधार शिला हो । शिक्षाले नै देशको सर्वाङ्गिण विकासका लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्दछ । शिक्षाकै माध्यमबाट व्यक्ति, समाज र राष्ट्रको चौतर्फी विकासका लागि मार्गहरू खुला हुन्छन् । त्यस्तै आजको युग भमूण्डलीकरणको युग भएकाले सीमित ज्ञान, सीप र क्षमताले मात्रै प्रतिस्पर्धात्मक समाजमा बाँच्न सक्ने नागरिक तयार गर्न कठिन हुन्छ । त्यसका लागि अन्तरराष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्नु पनि शिक्षाको दायित्व हो । विद्यालय शिक्षाको अवधारणा क) वर्तमान शैक्षिक नीति तथा दस्तावेजहरूले विद्यालय शिक्षालाई आधारभूत शिक्षा कक्षा १-८ र माध्यमिक शिक्षा कक्षा ९-१२ का रूपमा पुनर्संरचित गर्न प्रस्ताव गरेका छन् । ख) लोकतन्त्र एवम् मानव अधिकारको संरक्षण र सवंर्धन गर्ने, निरन्तर शिक्षाप्रति प्रतिबद्ध, श्रमप्रति सकारात्मक सोच भएका र स्वरोजगार उन्मुख, असल चरित्र भएका र एक्काइसौं शताब्दीमा व्यक्ति, समाज र राष्ट्रमा आइपर्ने चुनौतीहरूको सामना गर्ने सक्रिय योगदान पुर्‍याउन सक्ने नागरिक तयार गर्नु नेपालको विद्यालय शिक्षाको दृष्टिकोण हो । यसै कुराहरुलाई दृष्टिगत गर्दै संस्थाका चुनौतिहरुको पहिचान गरी तिनलाई अवसरमा परिणत गर्न जरुरी हुन्छ ।

सामुदायिक विद्यालय आर्थिक स्रोतका रुपमा सरकारी अनुदानमा निर्भर रहनु पर्ने अवस्था मुख्य चुनौती रहेको छ । विद्यालयमा राजनीतिक प्रभाव बढी मात्रामा हुनु, विद्यालयमा व्यवस्थापन पक्ष कमजोर हुन गई कर्मचारी व्यवस्थापन उचित तवरबाट हुन नसक्नु, विद्यालयमा तनाव पूर्ण वातावरणको सृजना हुनु जस्ता चुनौतिपूर्ण कार्यहरुलाई सुधार गर्न

सकेको खण्डमा शैक्षिक उपलब्धि वृद्धि हुने कुराको व्याख्या एवम् विश्लेषण गरिएको छ, ( अधिकारी, २०६९) ।

नेपालको इतिहासमै पहिलोचोटि सन् १९४७ मा विराटनगर जुटमिल्सका श्रमिकले आफ्नो हक (अधिकारका निम्ति आन्दोलन गरेका थिए । उक्त आन्दोलनका मुख्य माग, कार्यरत कर्मचारीलाई दैनिक आठ घन्टा मात्र काममा लगाउनुपर्ने, खाना तथा लुगामा सहुलियत, ज्यालादर वृद्धि आदि थिए । श्रम ऐनले स्थायी श्रमिकहरूका निमित्त केही प्रावधानहरूको व्यवस्था गरेको छ । उदाहरणका लागि कल्याणकारी कोष, कुनै प्रतिष्ठानका कर्मचारी कामका सिलसिलामा दुर्घटना भएमा निजका परिवारलाई क्षतिपूर्तिको व्यवस्था, उपदान, सञ्चयकोष, औषधी उपचार, बिदा, बासस्थानको व्यवस्था, महिला कामदारका लागि सुत्केरी बिदा, बालबालिकाका लागि निश्चित सुविधासहितको छुट्टै कोठाको व्यवस्था, प्राथमिक स्वास्थ्योपचारको व्यवस्था, ५० भन्दा बढी कामदार एकै समयमा काम गर्ने प्रतिष्ठानमा विश्राम कोठाको व्यवस्थाजस्ता प्रावधान राखिएको छ।

त्यसैगरी, सवारी तथा यातायात व्यवस्थापन ऐनले दुर्घटना बिमाजस्ता व्यवस्था गरेको पाइन्छ । रोजगारीजन्य जोखिमहरूलाई सम्बोधन गर्न संगठित क्षेत्रका कामदारहरूको पारिश्रमिकमा एक प्रतिशत कर लगाई सामाजिक सुरक्षा कोषको व्यवस्थापन नेपाल सरकारले गर्दै आइरहेको छ । कुनै पनि संस्थाको गुणस्तर वृद्धिका लागि कर्मचारीहरुको भूमिका अपरिहार्य हुने भएको हुँदा उनीहरुका हक हितका कुराहरुलाई मुख्य केन्द्रविन्दु बनाइनु पर्ने तथ्यलाई विधेयकमा प्रस्तुत गरिएको छ, (राष्ट्रिय साप्ताहिक, २०६८) ।

वर्तमान कर्मचारीको भर्ना, छनोट, सरुवा, बढुवा, घटुवा, उत्प्रेरणा, पारिश्रमिक, स्वास्थ्य तथा सुरक्षा जस्ता क्रियाकलापहरुको व्यवस्था गरिनु आवश्यक छ । मानव संसाधन व्यवस्थापन बाट संस्थागत लक्ष्य तथा उद्देश्य पूरा गर्नका लागि आवश्यक श्रमशक्ति वा जनशक्तिको योजना बनाउने तिनीहरुको छनौट गर्ने दक्षता तथा योग्यता अभिबृदी गर्ने उत्प्रेणा दिने र

समय सापेक्ष कर्मचारी र कामदारका व्यक्तिगत उद्देश्यलाई संगठनात्मक उद्देश्यसँग मिलान गरी बढीभन्दा बढी उत्पादनशील बनाउने कार्य हो । संगठनको अन्तिम उद्देश्य जुनसुकै परिस्थितिमा निर्दिष्ट लक्ष्य हासिल गर्नु रहेको हुँदा निश्चित लक्ष्यमा पुग्नका लागि कार्यरत कर्मचारीलाई सीप एवम् कार्य कुशलताद्वारा परिपक्क बनाई क्रियाशील र संगठनप्रति समर्पित गराउनु नितान्त आवश्यक रहन्छ र त्यहि व्यवस्थापकीय कार्य नै मानव संसाधन व्यवस्थापन हो जसले संस्थालाई सुचारी ढंगाबाट चल्न तथा गुणस्तर सुधारका लागि समेत महत्वपूर्ण सहयोग पुऱ्याएको हुन्छ, (ढकाल, २०७०) ।

परम्परागत रुपमा चल्दै आएको वैज्ञानिक व्यवस्थापन सिद्धान्तका पिता जसले परम्परागत रूपमा चल्दै आएको भूल र प्रयत्नको प्रशासनिक व्यवस्थापनलाई सिलसिलाबद्ध, वैज्ञानिक र तर्कसंगत बनाउन महत्वपूर्ण योगदान दिएका थिए । उनले कामदारको कार्यदक्षता बढाएर उत्पादन बढाउन सकिने कुरामा जोड दिए । उनले प्रतिपादन गरेको वैज्ञानिक सिद्धान्तमा समावेश भएका प्रमुख तत्वहरू अवलोकन, मूल्याङ्कन,परीक्षण र निचोड हुन् । उनीद्वारा प्रतिपादित सिद्धान्तहरूमा कामदारका परम्परागत शैली त्याग्नु पर्ने, वैज्ञानिक ढंगले कामदार छानी तालिम दिनु पर्ने, कुनै पनि संस्थामा कार्यरत कर्मचारी र र व्यवस्थापन बीच सहयोग, सामानजस्यता र आत्मीयता कायम हुनु पर्ने साथै बढी उपलब्धि प्राप्त हुने गरी काम अनुसारको ज्याला दिनुपर्ने, कामदार र प्रशासन बीच सुमधुर सम्बन्ध हुनुका साथै कमदारलाई उचित  कार्यगर्नका लागि उचित वातावरणको तय गर्नका लागि व्यवस्थापक पक्ष सक्रिया रहने सकेको खण्डमा कुनै पनि संस्थाको उपलब्धि स्तर वृद्धि गर्न सकिन्छ भन्ने तथ्यलाई विश्लेषण गरेका छन्, (कोइराला र श्रेष्ठ, २०५९) ।

विद्यालयको समस्या शिक्षक नभइकन व्यवस्थापन समिति रहेको विद्यालयमा शिक्षक, कर्मचारी तथा अन्य अवाश्वक कुराहरुको उचित व्यवस्थापन हुन नसक्दा हालसम्म पनि आधाभन्दा बढी विद्यार्थीहरुले विद्यालय तह पास गर्न नसकेको तथ्यलाई प्रस्तुत गर्दै विद्यालयमा कार्यरत कर्मचारीहरुलाई राम्रो तालिम प्रदान गर्नुका साथै शिक्षक, विद्यार्थी तथा कर्मचारी बिच उचित सम्बन्ध कायम गरेर उनीहरुलई दिनुपर्ने पारिश्रमिक तथा सेवाहरु

पूर्णरुपले प्रदान गर्न सकेको खण्डमा शैक्षिक गुणस्तर वृद्धिकालागि थप सहयोग हुने कुरालाई उल्लेख गर्दै विद्यालय व्यवस्थापकहरू आदेश दिने नियन्त्रण गर्ने पूरानै शैलीमा अभ्यस्त छन् । उनीहरू कुनै पनि किसिमको जोखिम लिन चाहदैनन्, परिवर्तनप्रति ज्यादै उदासिन रहन्छन् । अधिकांश विद्यालय सुधारका कार्यक्रममा शिक्षक, कर्मचारी एवम् सरोकार वलासँग कुनै सहयोग लिईदैन । विद्यालयमा परिवर्तन एवं सुधारका लागि कामगर्ने स्थानको सकरात्मक वातावरण तयार पार्नु पर्ने, सहकार्य गर्नुपर्ने, सकरात्मक खोज हुनुपर्ने, सम्बन्ध राम्रो र पारदर्शी हुनुपर्नेमा जोड दिएको छ जसले विद्यालयमा देखिएका समस्या निराकरण गरी खस्कदो नतिजालाई सुधारका लागि प्रोत्साहन गर्नसक्ने तथ्य प्रस्तुत गरिएको छ (इभर्स, २०६६) ।

सामुदायिक विद्यालयमा द्वन्द्व व्यवस्थापन शीर्षकमा गरिएको शोधपत्र अनुसार सामुदायिक विद्यालयहरुमा विद्यालयमा बढ्दो राजनीतिक प्रभाव, माथिल्ला तरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीहरुले तल्ला दरबन्दीमा कार्यरत शिक्षककर्मचारीहरुलाई हेर्ने प्रवृत्ति, विद्यालय व्यवस्थापन समितिले कार्यरत कर्मचारीहरुका लागि उचित व्यवस्थापन गर्न नसक्दा द्वन्द्वको सृजना भएको जसले बालबालिकाको शैक्षिक गुणस्तरमा समेत प्रभाव पारेको तथ्यलाई उल्लेख गरिएको छ । सामुदायिक विद्यालयमा द्वन्द्वलाई उचित तवरले व्यवस्थापन गरी उनीहरुमा देखिएका समस्या तथा आवश्यकतालाई परिपूर्ति गरेर लैजाने हो भने त्यसले शैक्षिक गुणस्तरमा समेत वृद्धि गर्नुका साथै द्वन्द्वको समेत न्यूनीकरण हुने हुँदा विद्यालयमा व्यवस्थापन समितिले शिक्षक, प्र.अ., कर्मचारीहरुका आवश्यकता, उनीहरुको कार्यभार, पारिश्रीमक जस्ता कुराहरुलाई न्यायोचित ढंगबाट सम्बोधन गर्न सकेको खण्डमा बालबालिकाहरुको शैक्षिक गुणस्तरमा समेत यसले अपरिहार्य भूमिका निर्वा गर्ने कुराको कुनै दुईमत नभएको कुरालाई शोधपत्रले विश्लेषण गरेको छ, (रिजाल, २०४७) ।

यसरी मानव जीवनको अभिन्न अंगका रुपमा रहेको शिक्षालाई प्रभावकारी बनाएर गुणस्तरीय शिक्षा प्रदान गरी शिक्षालाई समय सापेक्षा बनाउनका लागि विद्यालयमा

व्यवस्थापनको भूमिका अपरिहार्य रहन्छ । विद्यालयमा सिक्ने सिकारु तत्पर छन्, शिक्षक योग्य छन्, कर्मचारी प्रयाप्त छन् तर पनि व्यवस्थापन पक्ष कमजोर भई कर्मचारी तथा शिक्षक, विद्यार्थीहरु बिच सुमधुर सम्बन्धको स्थापना गरेर लैजान नसकेको खण्डमा उपयुक्त भवन, दक्ष्य शिक्षक, आवश्यक कर्मचारी, उपयुक्त खेलमैदान भएर पनि शिक्षामा गुणस्तरीयता हुन सक्दैन । व्यबस्थापन गर्ने कार्य एक महत्वर्पूण पक्ष हो कुनै पनि सघंसंस्था खोलिनु भन्नु नै त्यसको पूर्वाधार निर्माण गर्नु हो । भौत्तिक पूर्वाधर निर्माण गरीसकेपछि मात्र कार्यक्रमले जिल्ला गाउँमा , समुदायलाइ स साना भागमा प्राथमिकता पाएको हुन्छ । शैक्षिक संस्थाहरूको स्थापना गर्दा भौगोलिक क्षेत्र, जनसंख्याको चाप , स्थानिय आवश्यकताको आधारमा गर्नुपर्छ ।

अहिले च्याउ उम्रे जस्तै विद्यालय खुलेका छन । युनेस्को, युनिसेफ जस्ता संस्थाको आर्थिक तथा प्राविधिक सहयोगमा इन्डोनेसियामा संचालित भएर कार्यक्रम निकै सफल भएको छ । सिकाइकार्यले व्यवस्थापन पक्ष बिच प्रत्यक्ष तथा अप्रत्यक्ष सम्बन्ध राखेको खुँदा विद्यालयमा शिक्षक तथा कर्मचारीको उचित व्यवस्थापन गरी सम्बन्धलाई सुमधुर बनाउनका सकेका खण्डमा नै शैक्षिक उपलब्धि वृद्धि गर्न सकिन्छ, (कोइराला, २०६६) ।

शिक्षाको निम्ति सम्पूर्ण वन्दोवस्त जनस्तरबाटै शुरु भएको इतिहास वोकेको हाम्रो शिक्षा प्रणालीमा जनसहभागिता र यसको भूमिका महत्वपूर्ण मानिन्छ तर जनसहभागिताको भावनात्मक पक्ष प्रवल भए तापनि उनीहरुलाई स्वतस्फूत र क्रियाशील बनाइ राख्नका लागि प्रभावकारी नीति अपनाउनु आवश्यक रहन्छ । जनसहभागितालाई स्वतस्फुर्त रुपमा क्रियाशील राख्न र यसलाई प्रभावकारी वनाउन शिक्षा नीतिमा स्थिरता, विद्यालयहरुमा सुव्यवस्था र शैक्षिक प्रशासनालाई पनि सक्रिय राख्नुका साथै पुरस्कार र दण्ड नीतिको अवलम्बन गर्नु पर्ने, जनशक्तिलाई उनीहरुको काम अनुसार सेवासुविधा थप गरिनु पर्ने भन्ने कुराको उल्लेख गरिएको छ, (पाण्डे २०४४) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

अध्ययन अनुसन्धान कार्यलई पूर्णरुप दिनका लागि आजभन्दा अगाडि गरिएका साहित्यहरुको अध्ययन अनुसन्धान गर्नुको साथै अनुसन्धानसँग मिल्दो जिल्लो सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा लिएर सोही अनुसार तथ्यंक संकलन गरी उद्देश्य अनुरुप व्याख्या एवम् विश्लेषण गर्नु शोधकर्ताको दायित्व अन्तर्गत पर्दछ । यसै कुरालाई दृष्टिगत गर्दै जर्मन समाजशास्त्री माकस वेवरको कर्मचारी व्यवस्थापन र सिद्धान्तलाई यस अध्ययनको सैद्धान्तिक खाकाको रुपमा चयन गरी सोही अनुसार तथ्यांक संकलन, अध्ययन क्षेत्र तथा आवश्यक जनसंख्या छनोट गर्नुका साथै प्राप्त तथ्यांकलाई व्याख्या एवम् विश्लेषण गरी अनुसन्धानकार्यलाई पूर्णरुप प्रदान गरिएको छ ।

संगठनात्मक संरचनामा कार्य अधिकार एवम् शक्तिको सुव्यवस्थित ढंगबाट विभाजन हुनु पर्दछ भन्ने मान्यता राख्ने व्यक्तित्वका रुपमा चिनिने म्याक्स वेवर (१८६४-१९२०) गुणस्तरीयता र योग्यताको आधारमा कार्यसम्पादनको निष्पक्ष मूल्यांक हुनु गर्नुपर्दछ भन्ने मान्यता राख्ने वेक्स वेवरद्वारा नै कर्मचारी व्यवस्थापनको सिद्धान्त प्रतिपादन गरिएको हो । उनीद्वारा प्रतिपादित सिद्धान्त अनुसार कुनै पनि संस्थाको उद्देश्य पूरा गर्नका लागि सवल र सफल कर्मचारीको संयन्त्र मिलाउनु आवश्यक रहन्छ । संगठनात्मक संरचनामा कार्य अधिकार एवम् शक्तिको सुव्यवस्थित विभाजन हुनुपर्ने, गुणस्तरीयता र योग्यताको आधारमा कर्मचारीको कार्यसम्पादनको निष्पक्ष मूल्यांकन गर्नुपर्दछ, संगठनमा इमानरिता कायम गरेर प्राविधिक दक्षता र क्षमताको आधारमा संगठनको विकास गर्नुपर्ने भन्नेजस्ता धारणाहरु प्रस्तुत गरिएको छ ।

म्याक्स वेवरको सिद्धान्तमा उल्लेखित कर्मचारी व्यवस्थापनभित्र पर्ने विशेषता तथा कर्मचारी व्यवस्थापनमा गर्नुपर्ने कार्यहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

कुनै पनि कर्मचारी सबै कामहरुमा पूर्णरुपले दक्ष नहुने हुँदा कर्मचारीहरुको कार्यलाई विभाजन गर्नु आवश्यक रहन्छ भन्ने कुराको धारणालाई प्रस्तुत खाकामा स्पष्टताका साथ उल्लेख गरिएको छ । आवश्ढयक काममा दक्ष एवम् सवल कर्मचारीबाट मात्र संस्थाको उद्देश्य पूरा हुन सक्ने हुँदा कर्मचारीको श्रम तथा कार्यलाई विभाजन गर्नु कर्मचारी व्यवस्थापनको प्रमुख विशेषता अन्तर्गत पर्न आउँछ ।

कुनै पनि संगठनमा कार्यरत कर्मचारीलाई उसको योग्यता दक्षता एवम् कार्यरत पदलाई लेखाजोखा गरी उसको स्तर अनुसार पदीय दायित्व निधारण गर्नु कर्मचारी व्यवस्थापनको प्रमुख विशेषता रहने हुँदा प्रस्तुत सिद्धान्तमा कर्मचारीको पदीय दायित्व स्तरका आधारमा निर्धारण हुनु पर्दछ भन्ने मान्यतालाई अघि सारिएको छ ।

कर्मचारी भनेको के हो ? संस्थामा उसको भूमिका के कस्तो रहने भन्ने बारेमा प्रष्टसँग उल्लेख हुनुपर्दछ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । कुनै पनि संस्थामा कार्यरत कर्मचारीले आफूले के भूमिका निर्वाह गर्नेहो भन्ने कुराको जानकारी हुनु आवश्यक रहेको हुँदा कर्मचारीको व्यवस्थापन गर्दा कर्मचारीको संस्थागत तथा व्यक्तिगत भूमिकाका बारेमा प्रष्ट हुन सकेको खण्डमा नै व्यक्तिले जिम्मेवार पूर्वक आफ्नो कर्तव्यको निर्वाह गर्न सक्दछ ।

कार्यरत कर्मचारीलाई सयानुसार प्राविधिक तालिम दिन सकेको खण्डमा मात्रै उसले आफूलाई समयानुसार समायोजन गरी कार्य गर्न सक्ने हुँदा प्राविधिक क्षमता बढाउनुका साथै कुनै पनि संस्थामा कार्यरत कर्मचारीलाई के कसरी छनोट गर्ने र बढवा नीति के कस्तो हुने भन्ने जस्ता कुराहरुको व्याख्या गर्न सकेको खण्डमा कर्मचारीको उचित व्यवस्थापन हुन सक्दछ ।

कुनै पनि कर्मचारीको कार्यविधि तयार पारी उसको कार्यव्यवस्था अनुसार व्यवहार गर्न सकिएको खण्डमा, संस्थामा व्यक्तिले दत्तचित्तताका साथ लाग्नुका साथै व्यक्ति स्वयंलाई समेत कार्यप्रति उत्प्रेरणा प्रदान हुन सक्ने हुँदा कर्मचारी व्यवस्थापनको विशेषताअन्तर्गत

कर्मचारीको कार्यव्यवस्था अनुरुप व्यवहार गर्न कार्यविधिको व्यवस्था गर्नु पनि प्रमुख विशेषता अन्तर्गत पर्दछ ।

संगठमा व्यक्तिगत सम्बन्ध निष्पक्ष हुनु आवश्यक रहन्छ, कार्यरत कर्मचारीहरुबीच सुमधुर सम्बन्ध स्थापना हुन सकेको खण्डमा नै कार्यरत कर्मचारीले आफ्नो पेशाप्रति उत्तरदायी ढंगबाट कार्य गर्नुका साथै उपलब्धि पनि वृद्धि हुन सक्दछ ।

सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनले शिक्षामा के कस्तो प्रभाव पारको छ भन्ने कुरालाई अध्ययन गर्नका लागि कर्मचारी व्यवस्थापनको बारेमा अध्ययन अनुसन्धान हुनु आवश्यक रहन्छ । जसका लागि छनोटमा परेका विद्यालयहरुमा माथि उल्लेखित विशेषताहरुका आधारमा कर्मचारीको उचित व्यवस्थापन हुन सकेको छकि छैन भन्ने कुराका बारेमा तथ्य संकलन गरी सामुदायिक विद्यालयमा सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था का अध्ययन गरिने हुँदा म्याक्स वेवरको प्रशासनिक सिद्धान्तलाई यस अध्ययन अनुसन्धानको सिद्धान्तको खाकाको रुपमा प्रयोग गरी अध्ययन अनुसन्धान गरिएको छ ।

## २.३. पुनरावलोकनको उपादेयता

यस अध्ययन अनुसन्धानसँग सम्बन्धित विभिन्न प्रकारका पुस्तक पत्रपत्रिका, मासिक तथा पाक्षिक पत्रिकाहरु वइवसाइड, यस भन्दा अगाडिका शोधकर्ताहरुवाट प्रकाशित शोध प्रश्तावनाहरु शोधग्रन्थ ,विभिन्न समयमा भएका अनुसन्धानात्मक कार्यहरुको प्रतिवेदन जस्ता कारहरुलाई साहित्यको पुनरावलोकनको रुपमा अध्ययन गरिएको छ । जसको प्रयोगबाट प्रस्तावित शोधपत्रसँग सम्बन्धित विभिन्न पक्षहरूको सम्बन्धमा जानकारी मिल्नुका साथै अध्ययन अनुसन्धानहरूमा देखिएका कमीकमजोरीहरूलाई हटाएर उद्देश्यमूल र गुणात्मक बनाउनका लागि लागि थप सहयोग पुगेको छ । माक्स वेवरको कर्मचारी

व्यवस्थापनको सिद्धान्तलाई सैद्धान्तिकखाकाका रूपमा चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा  अध्ययन अनुसन्धानका लागि प्रस्नावली तयार गर्न, अध्ययन स्थलको छनोट गर्न, छनोट गरिएका प्रश्नावलीको व्याख्या एवम् विश्लेषण गर्न, तथ्यांक संकलनका स्रोतहरूको प्रयोग गर्न, संकलित तथ्यांकहरुको उद्देश्य अनुसार व्याख्या एवम् विश्लेषण गर्न समेत  सहयोग पुगेको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

प्रस्तावित शोधपत्रमा उल्लेखित उद्देश्यहरु परिपूर्ति गर्नका लागि अनुसन्धानको ढाँचा, जनसंख्या र नमुना छनौट प्रक्रिया, तथ्यांक संकलन प्रक्रिया र तथ्यांकको व्याख्या र विश्लेषणलाई यस परिच्छेदमा निम्न शीर्षकहरुमा प्रस्तुत गरिएको छ :

## ३.१ अनुसन्धनात्मक ढाँचा

प्रस्तावित अध्ययनको उद्देश्य हासिल गर्ने अपेक्षा गरि वनाइएको योजना अनुसन्धान ढाँचा हो । यस अनुसन्धानको उद्देश्य पुरा गर्नका लागि संकलन तथा विश्लेषण गरिएको तथ्याङ्कको स्वरुप सांख्यिक नभएर शाब्दिक रहेको छ । यो अनुसन्धान भावनात्मक र लचिलो प्रवृतिले सामान्यिकरण गर्न कठिन महसुस भएकोले यस अध्ययन त्यहाँको प्राकृतिक अवस्थामा नै अध्ययन गरिएको छ । यस अध्ययन गुणात्मक ढाँचाको अनुसन्धानमा आधारित हुने भएकाले खुला प्रश्नावली, प्रत्यक्ष अवलोकन र लिखित दस्तावेजबाट प्राप्त तथ्याङ्क संकलन गरिएको छ । अन्तरवार्ताबाट प्राप्त तथ्याङ्कहरुमा मानिसका विचार धारणलाई वाक्यासंका रुपमा संकलन गरिएको छ ।

## ३.२ जनसंख्या र नमुना छनौट

प्रस्तुत शोधपत्रमा तनहुँ जिल्लामा रहेका जम्मा १७ वटा स्रोतकेन्द्र मध्ये देवघाट स्रोतकेन्द्र अन्तर्गत देवघाट गा.वि.स भित्ररहेका २२ विद्यालयहरुबाट मा.वि. तथा नि.मा.वि. मध्ये श्री बज्रयोगिनी मा.वि.,कालिका उ.मा.वि, सिद्ध महाकाली नि.मा.वि र महेस संस्कृत गुरुकुल मा.वि. गरी जम्मा ४ वटा विद्यालयका प्र.अ. १ का दरले ४ जना , कर्मचारी २।२ का दरले ८ जना, स्रोतव्यक्ति १ जना, शिक्षक २।२ का दरले ८ जना, विद्यार्थी प्रतिनिधि ४।४ का दरले १६ जना, वि.व्य.स. अध्यक्ष १ का दरले ४ जना गरी जम्मा ४१ जनालाई सम्भावना रहित उद्देश्यपूर्ण नमुना छनोट विधिका

आधारमा अध्ययनको जनसंख्याको रूपमा छनोट गरिएको छ जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १ तथ्याँक संकलनका लागि छनोट गरिएको जनसंख्या विवरण**

| क.स. | विवरण | जम्मा जनसंख्या | छनोट जनसंख्या | छनोट तरिका | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्रोतकेन्द्र | १७ | १ | गोलाप्रथा | |
| २ | विद्यालय | ३२ | ४ | उद्देश्यमूलक | |
| ३ | प्र.अ. | ४ | ४ | उद्येश्यमुलक | |
| ४ | कर्मचारी | १२ | ८ | सम्भावनारहित नमुना छनोट | |
| ५ | वि.व्य.स. अध्यक्ष | ४ | ४ | सम्भावनारहित | |
| ६ | विद्यार्थी | १९५० | १६ | सम्भावना रहीत नमुना छनोट | |
| ७ | स्रोतव्यक्ति | १ | १ | उद्देश्यमुलक | |
| ८ | शिक्षक | ६० | ८ | उद्देशयमूलक | |
| जम्मा | | | ४१ | | |

स्रोत: स्थलगत सर्वेक्षण २०७०

### ३.३. तथ्याङ्कका स्रोतहरू

अनुसन्धान कार्यको विषय वा समस्याको बारेमा खोज गर्दा विभिन्न स्रोतहरूलाई आधार मान्नु आवश्यक रहन्छ । यस शोध अध्ययनको क्रममा पनि प्राथमिक तथा द्वितिय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई आधार मानी तथ्यांक संकलन गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

यस अध्ययन तथा अनुसन्धानको क्रममा तथ्याङ्क सङ्कलनको प्राथमिक स्रोतअर्न्तगत छलफल तथा अन्तरवार्ता प्रश्नावली विधिलाई आधार बनाइएको छ । जसमा तथ्याङ्क सङ्कलनका लागि सोधकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूचीमा उल्लेखित अन्तवार्ता प्रश्नावालीहरूका आधारमा प्रयोग गरिएको छ ।

### ३.३.२ द्वितिय स्रोतः

द्वितिय स्रोत अन्तर्गत अनुसन्धानसँग सम्बन्धीत विद्यालयका अभिलेखहरू, पत्रपत्रिकाहरू, अप्रकाशित सोध-पत्रहरू एवम् सम्बन्धित प्रतिवेदनहरूलाई आधार मानि तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४ तथ्यांकका साधनहरु

### ३.४.१ अन्तरवार्ता प्रश्नावली

यस अन्तरगत छनोटमा परेका विद्यालयका शिक्षक, प्र.अ., विद्यार्थी, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, स्रोतव्यक्ति, कर्मचारीहरुसँग भेट गरि अनुसूचीमा उल्लेखित २ देखि ६ सम्मका प्रश्नावलीका आधारमा शिक्षक, विद्यार्थी, वि.व्य.स., अभिभावक र प्र.अ.लाई अन्तरवार्ता प्रश्नावलीको प्रयोग गरि विद्यालयमा कर्मचारी व्यवस्थापन र त्यसमा देखिएका समस्या तथा  सुझाव समेतमा आवश्यक जानकारीहरु संकलन गरिएको छ ।

### ३.४.२ अवलोकन फारम

यस अन्तरगत छनोटमा परेका विद्यालमा कर्मचारी व्यवस्थापनको अवस्था, उनीहरुलाई दिइने तलब भत्ता, सेवा सुविधा, कामगर्ने समय अवधि जस्ता कार्यकलापहरुको वास्तविक तथ्य पत्ता लगाउनका लागि अनुसूची १ मा उल्लेखित अवलोकन फारमको प्रयोग गरि कर्मचारीलाई दिइने सुविधा, कामको विवरण, कर्मचारी प्रति हुने व्यवहार जस्ता कुरामा सूचना संकलन गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन विधि

अध्ययनका लागि छनोटमा परेका अध्ययन स्तलका प्र.अ.,कर्मचारी, शिक्षक, विद्यार्थी, स्रोतव्यक्ति, वि.व्य.स.सँग अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूची (१-६)मा उल्लेख गरिएका प्रश्नावलीहरुको आधारमा तथ्यांक संकलन गरिएको छ । त्यस्तै गरी द्वितीय तथ्यांक संकलनका लागि विभिन्न लेख रचनाहरु, पत्रपत्रिका, बुलेटिन, शोधपत्र र सम्बन्धित द्यिालयका अभिलेखहरुलाई आधार बनाइने छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अनुसन्धानका क्रममा छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर प्राथमिक तथा द्वितीय तथ्यांकका स्रोतको प्रयोग गरी तथ्यांक संकलन गर्दा प्राप्त तथ्यांकहरु केवल कच्चा पदार्थको रुपमा मात्र रहने हुँदा त्यसलाई उपयुक्त ढंगले व्याख्या एवम् विश्लेषण गरी उद्देश्य अनुसार पूर्णता प्रदान गर्नु पनि शोधकर्ताको दायित्व अन्तर्गत पर्दछ । यो अध्ययन गुणात्मक प्रकृतिको हुने हुँदा संकलित तथ्याङ्कहरूको विश्लेषण र व्याख्या वर्णनात्मक रूपमा गरिएको छ र सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापन तथा त्यसले शिक्षामा पारेको प्रभावका बारेमा प्र.अ., शिक्षक, विद्यार्थी, कर्मचारी, वि.व्य.स., स्रोतव्यक्तिहरुसँगको छलफल तथा अन्तरक्रिया एवम् अवलोकनबाट प्राप्त जानकारीहरुलाई वर्णनात्मक ढंगबाट विश्लेषण गरिनुका साथै आवश्यक तथ्यांकहरुलाई तालीकीकरण समेत गरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# kl/R5]b rf/

# glthfsf] 5nkmn

अनुसन्धानका क्रममा प्राप्त भएका तथ्यहरुको उचित तवरबाट व्याख्या एवम् विश्लेषण गरी शोधकार्यलाई उद्देश्य अनुसार पूर्णरुप दिन अनुसन्धानकर्ताको दायित्व अन्तर्गत पर्दछ ।

सामुदायिक विद्यालयमा सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था नामक शीर्षक चयन गरी सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको वर्तमान अवस्था पहिचान गर्नु, सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था वकारिताको लेखाजोखा गर्नु, सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनका समस्याहरु पहिचान गर्नु, सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापन गरी शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायहरु सुझाउनु जस्ता उद्देश्यहरुमा प्रस्तुत शोधपत्रलाई केन्द्रित गरिएको छ ।

अध्ययन अनुसन्धानका क्रममा देवघाट स्रोतकेन्द्र अन्तर्गत देवघाट गा.वि.स भित्ररहेका ३२ विद्यालयहरुबाट मा.वि. तथा नि.मा.वि. मध्ये श्री बज्रयोगिनी मा.वि.,कालिका उ.मा.वि, सिद्ध महाकाली नि.मा.वि र महेस संस्कृत गुरुकुल मा.वि. गरी जम्मा ४ वटा विद्यालयका प्र.अ., कर्मचारी, स्रोतव्यक्ति, शिक्षक, विद्यार्थी प्रतिनिधि, वि.व्य.स. अध्यक्ष गरी जम्मा ४० जनालाई सम्भावना रहित उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा छनोट गरी तथ्यांक संकलन विधिका प्राथमिक तथा द्वितीय स्रोतहरुलाई प्रयोगमा ल्याएर तथ्यांक संकलन गरिएको छ । प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको भएको हुँदा सोही विधिका आधारमा निम्नलिखित रुपमा व्याख्या विश्लेषण गरी अन्त्यमा त्यसको प्राप्ति समेत प्रस्तुत गरिएको छ :

### ४.१. सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था

सामुदायिक विद्यालयमा कर्मचारीहरुको व्यवस्थापनका लागि के कस्ता नीतिहरु अपनाइएको छ ? कर्मचारी व्यवस्थापनको वर्तमान अवस्था के कस्तो रहको छ ? भन्ने बारेमा जानकारी पहिचान गर्नका लागि छनोटमा परेका विद्यालयमा अनुसन्धान कर्ताको प्रत्यक्ष उपस्थितिबाट प्राप्त तथ्य अनुसार सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको वर्तमान अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

#### ४.१.१कर्मचारीको नियुक्ति, सरुवा र  बढुवा प्रक्रिया

छनोटमा परेका विद्यालयहरुमा कर्मचारी व्यवस्थापन सम्बन्धी के कस्तो व्यवस्था गरिएको छ ? कर्मचारीको नियुक्ति के कसरी गरिएको छ ? सरुवा र बढुवाको अवस्था के कस्तो छ भन्ने जस्ता कुराहरुको बारेमा छलफल तथा अन्तरक्रिया गरिएको थियो । जसबाट प्राप्त जानकारी अनुसार छनोटमा परेको विद्यालय श्री बज्रयोगिनी मा.वि.मा कर्मचारी व्यवस्थापन सम्बन्धी खासै व्यवस्था हुन नसकेको, कर्मचारीको नाममा एक जना कार्यालय सहयोगी रहेको अरु सबै कामकाजहरु शिक्षकले नै गर्ने हुँदा नियुक्ति सरुवा बढुवा सम्बन्धीका कामहरु नभएको भन्ने जस्ता तथ्यहरु अनुसन्धानका क्रममा प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिबाट जानकारी प्राप्त भएको थियो । स्थानीय स्तरका मिडियामा विज्ञापन दिइ सोही अनुसार योग्य उम्मेद्वारलाई अन्रवार्ता एवम् प्रयोगात्मक जाँच पश्चात नियुक्ति गरिएको भन्ने तथ्य समेत प्र.अ.बाट जानकारी प्राप्त भएको थियो ।

त्यसैगरी बढुवाको क्रममा कार्यरत कर्मचारीलाई दिइने तलब सरकारी तवरबाट प्रदान गरिएको रु. ६००० ले मात्र नपुग्ने हुँदा निजीस्रोत बाट थप गर्नु पर्ने अवस्था रहे पनि विद्यालयको न्यून आर्थिक अवस्थाकै कारणले गर्दा पूर्णरुपले सन्तुष्टि प्रदान गर्न नसके

पनि उसको कार्यभार तथा काम गरेको समय अनुसार तलब स्केल बढाउदै लगेको भन्ने तथ्य समेत अनुसन्नधानका क्रममा जानकारी प्राप्त भएको थियो ।

त्यसैगरी छनोटमा परेको विद्यालय कालिका उ.मा.वि.मा कार्यरत कर्मचारीहरुको नियुक्ति प्रक्रिया, सरुवा, बढुवा  जस्ता कुराहरुको बारेमा अध्यनय गर्दा यस विद्यालयमा कुनै पनि कर्मचारी नियुक्ति गर्दा नेपाल सरकारले तोकेको दायरा भित्र रहेर विज्ञानपन खुलाई सोही अनुसार नियुक्ति गर्दै आएको पाइयो । विद्यालयको लेखा व्यवस्था सम्हाल्नका लागि एक जना लेखापालको व्यवस्था गरिएको,विद्यालयमा  उपयुक्त ढंगले पुस्तकालयको सञ्चालन गर्नका लागि अध्ययनरत विद्यार्थीलाई आवश्यक पुस्तकहरु समयमा नै उपलब्ध गराउने उद्देश्यले एक जना पुस्तकालय कर्मचारी रहेको,  विद्यालयमा कार्यरत सबै कर्मचारीलाई सञ्चयकोषको व्यवस्था भएको, उनीहरुको जीवनमा आइपर्ने खतरालाई लक्षित गरेर जीवन विमाको समेत व्यवस्था गरिएको तथ्य समेत अनुसन्धानबाट जानकारी प्राप्त भएको छ । विद्यालयमा कार्यरत लेखापाललाई लेखा सम्हाल्ने कार्य सँगसँगै अध्यापन कार्य समेत गर्न लगाइएको जसबापत तथ सेवा सुविधा प्रदान गरिएको पाइयो ।

विद्यालयमा कार्यरत कर्मचारीहरुको बढुवाका क्रममा भने सरकारी तवरबाटै कुनै त्यस्तो नीति निर्माण हुन नसकेको हुँदा बढुवा गर्ने कार्य नभए पनि कार्यरत कर्मचारीलाई पेशाप्रति उत्कृष्ठ एवम् प्रोत्साहन प्रदान गर्ने उद्देश्यले उनीहरुको कार्यभारलाई मूल्यांकन गरेर थप सेवा सुविधा प्रदान  गरिएको तथ्य विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ., शिक्षकहरुबाट जनकारी प्राप्त भएको थियो भने आफूहरुले कार्य गरिए अनुसार पारिश्रमिक पाउने गरेको, कार्यभार बढी भएमा थप सेवा सुविधा प्रदान गरिएको, कर्मचारी नियुक्तिका क्रममा पनि निष्पक्ष रहेको भन्ने जस्ता तथ्यहरु कर्मचारीहरुसँग गरिएको प्रश्नावलीबाट जानकारी प्राप्त भएको थियो ।

अध्ययन तथा अनुसन्धानका क्रममा छनोटमा परेको विद्यालय श्री सिद्धिमहाकाली नि.मा.वि.मा कर्मचारी नियुक्ति तथा सरुवा बढुवाका सन्दर्भमा गरिएको छलफल तथा

अन्तरक्रिया अनुसार कर्मचारीका रुपमा एक जना विद्यालय सहयोगी मात्र रहेको, जसको नियुक्ति गर्दा समितले बैठक बसेर सल्लाह गरी नियुक्ति गरिको भन्ने तथ्य कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट जानकारी प्राप्त भएको थियो । हालसम्म काम गर्दै आएको लामो समय भै सक्दा पनि सेवा सुविधा थप हुन नसकेको, आफ्नो स्तर अनुसार बढुवा नभएको भन्ने जस्ता कुराहरु कर्मचारी, शिक्षक तथा प्र.अ.सँगको छलफल एवम् अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । कर्मचारी नियुक्ति नगरिएकै कारणले गर्दा प्रा.वि. तहका शिक्षकहलाई लेखापालको कार्य गर्न लगाइएको, जसलाई पुस्तकालय व्यवस्थापनको समेत जिम्मेवारी दिनुका साथै अध्यापन कार्यमा पनि लगाइएको तथ्य शिक्षसँगको छलफल एवम् अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । कर्मचारीको सरुवा भने निजी स्तरबाट एक जना कार्यालय सहयोगीमात्र विद्यालयमा कर्मचारीको रुपमा कार्यरत भएको हुँदा अन्यत्र बाट सरुवा भएर आएका कर्मचारीहरु कुनै पनि नरहेको पाइयो ।

कर्मचारीको नियुक्ति, सरुवा तथा बढुवाका सम्बन्धमा छनोटमा परेको विद्यालय श्री महेस संस्कृत गुरुकुल मा.वि.मा कर्मचारी नियुक्ति गर्दा के कसरी गरिन्छ, उनीहरुको कार्यका आधारमा  के कसरी बढुवा गर्ने गरिएको छ ? कर्मचारीको सरुवा हुने प्रक्रिया के कस्तो छ भन्ने जस्ता कुराहरुको बारेमा जानकारी प्राप्त गर्नका लागि छनोटमा परेका विद्यालयका स्रोतव्यक्ति, विद्यार्थी, शिक्षक, प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा अनुसूचीमा उल्लेखित प्रशनावलीका आधारमा गरिएको अन्तरवार्ता एवम् छलफल अनुसार हालसम्म कुनै पनि कर्मचारी नियुक्ति नगरिएको तथ्य विद्यालयका प्र.अ., विद्यार्थी तथा शिक्षकबाट जनकारी प्राप्त भएको थियो । कर्मचारीहरुले गर्ने कार्य माथिल्लो तहमा अध्ययनरत विद्यार्थीहरुले नै गर्दै आएको, विद्यालयको लेखा व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, कार्यालय सहयोगी जस्ता कर्मचारीहरुको भूमिका विद्यार्थीले नै निर्वाह गर्दै आएको भन्ने कुराहरु अध्ययन अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो । कुनै पनि कर्मचारी नियुक्ति

नगर्नुका साथै कर्मचारीका रुपमा कार्यरत विद्यार्थीहरुका लागि उचित सेवा सुविधा प्रदान हुन नसकेको, तथ्य विद्यार्थीहरुसँगको अन्तरवार्ता प्रश्नावलीबाट जानकारी प्राप्त भएको थियो ।

### ४.१.२ कर्मचारीलाई प्रदान गरिने तलवभत्ता तथा सेवा सुविधाहरु

कुनै विद्यालयमा वा संघसंस्थामा कार्यरत कर्मचारीको उचित व्यवस्थापनका लागि उनीहरुलाई प्रदान गरिने तलबभत्ता तथा सेवा सुविधाले प्रभावकारी भूमिका निर्वाह गरेको हुन्छ । कर्मचारीलाई दिइने सेवा सुविधा के कस्तो रहेको छ भन्ने बारेमा गरिएको अन्तवार्ता प्रश्नावली अनुसार विद्यालयको आर्थिक अवस्थाका कमजोर रहेका कारण निजीस्रोतबाट रकम जुटाउन नसकिएको जसले गर्दा कार्यरत कर्मचारीलाई सरकारले दिएको न्यूनतम पारिश्रमिक भन्दा अरु थप सेवा सुविधा केही पनि प्रदान गर्न नसकिएको तथ्य छनोटमा परेको विद्यालय श्री बज्रयोगीनी मा.वि.का का शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुबाट जानकारी प्राप्त भएको थियो । कार्यरत कर्मचारीहरुलाई विद्यालको विविध कार्यहरुमा लगाउने, कार्यभार बढी भए पनि त्यसको कुनै मूल्यांकन नगर्ने भन्ने जस्ता कुराहरुको जानकारी विद्यालयमा कार्यरत कर्मचारीबाट जानकारी प्राप्त भएको थियो ।

त्यसैगरी छनोटमा परेको अर्को विद्यालयमा श्री कालिका उ.मा.वि.मा कार्यरत कर्मचारीहरुलाई उनीहरुले पाउने सेवा सुविधामा विद्यालयको निजीस्रोतबाट थप गरिएको त्यसका साथै कर्माचारीका लागि पोषाक तथा विमाको समेत व्यवस्था गरिएको तथ्य समेत अनुसन्धानका क्रममा कर्मचारी तथा विद्यालय प्र.अ.सँगको अन्तवार्ता प्रश्नावलीबाट जानकारी प्राप्त भएको थियो । विद्यालयमा काम गर्दा आफूहरुले पाउने पारिश्रमिक समयमा नै पाउने गरेको सरकारी तवरबाट न्यून तलब तोकिए पनि विद्यालयको निजिस्रोतबाट समय सापेक्ष तलब पाउने गरेको, आफूले प्राप्त गरेको तलबले घरखर्च चलाउनका लागि सहज भएको भन्ने जस्ता उत्तरहरु

कर्मचारीसँगको छलफल एवम् अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । कर्मचारीलाई उनीहरुको निर्धारित कामबाहेक अन्य कार्य गराउनु परेका खण्डमा सो काम बापत थप सेवा सुविधा दिने गरेको तथ्य विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् विद्यालयहरुबाट जानकारी प्राप्त भएको थियो ।

अध्ययन तथा अनुसन्धानकै क्रममा छनोटमा परेको विद्यालय श्री सिद्ध महाकाली नि.मा.वि मा कर्मचारीका रुपमा एक जना पियन मात्र रहेको, प्र.वि. शिक्षकलाई कर्मचारीको भूमिका निर्वाह गर्न लगाइएको भए पनि थप सेवा सुविधा कुनै उपलब्ध नगराइएको एउटै व्यक्तिले लेखा, पुस्तकालय हेर्नुका साथै अध्यापनकार्य समेत गराउने गरेको तथ्य समेत अनुसन्धनबाट जानकारी प्राप्त भएको थियो । यसरी कार्यरत कर्मचारीका लागि समय सापेक्ष सुहाउँदो तलव प्रदान गर्न नसकिएको, कार्यरत कर्मचारी (कार्यालय सहयोगी) लाई पनि सराकारले तोकेको न्यूनतम पारिश्रमिक रु. ६००० मात्र दिएको भन्ने तथ्य समेत अध्ययनका क्रममा प्र.अ.बाट जानकारी प्राप्त भएको थियो ।

छनोटमा परेको अर्को विद्यालय महेश गुरुकुल मा.वि.मा कर्मचारीलाई प्रदान गरिने सेवा सुविधा सम्बन्धी अध्यनय अनुसन्धनका लागि विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, कर्मचारी, विद्यार्थीसँग गरिएको छलफल अन्तरक्रिय अनुसार विद्यालयमा कार्यरत छुट्टै कर्मचारी नियुक्ति नगरिएको हुँदा माथिल्लो तहमा अध्यनरत विद्यार्थीहरुले नै कर्मचारीको भूमिका निर्वाह गर्ने गरेको उनीहरुका लागि न्यूनतम पारिश्रमिक उपलब्ध गराइएको भए पनि सो पारिश्रमिक अत्यन्त न्यून रहेको तथ्य प्राप्त भएको थियो । यस विद्यालयमा गाई पालनका पनि रहेको हुँदा यसका लागि भने छुट्टै कर्मचारीहरु राखिएको भए पनि विद्यालयको आर्थिक अवस्था न्यून रहेका कारण उनीहरुलाई पनि समय सापेक्ष सेवा सुविधा प्रदान गर्न नसकेको भन्ने उत्तरहरु

समेत प्र.अ., शिक्षक तथा विद्यार्थीहरुसँगको अन्तरवार्ता प्रश्नावलीबाट जानकारी प्राप्त भएको थियो ।

संगठनात्मक संरचनामा कार्य अधिकार एवम् शक्तिको सुव्यवस्थित ढंगबाट विभाजन हुनु पर्दछ भन्ने मान्यता राख्ने व्यक्तित्वका रुपमा चिनिने म्याक्स वेवर (१८६४-१९२०) गुणस्तरीयता र योग्यताको आधारमा कार्यसम्पादनको निष्पक्ष मूल्यांकन हुनु गर्नुपर्दछ भन्ने मान्यता राख्ने वेक्स वेवरद्वारा नै कर्मचारी व्यवस्थापनको सिद्धान्त प्रतिपादन गरिएको हो । उनीद्वारा प्रतिपादित सिद्धान्त अनुसार कुनै पनि संस्थाको उद्देश्य पूरा गर्नका लागि सवल र सफल कर्मचारीको संयन्त्र मिलाउनु आवश्यक रहन्छ । जर्मन समाजशास्त्री माक्स वेवरको कर्मचारी व्यवस्थापन र सिद्धान्तलाई यस अध्ययनको सैद्धान्तिक खाकाको रुपमा चयन गरी सोही अनुसार तथ्यांक संकलन गर्दा छनोटमा परेका विद्यालमध्ये धेरैजसो विद्यालयमा कार्यरत कर्मचारीलाई उचित तवरबाट कार्य विभाजन हुन नसकेको, एउटै शिक्षकलाई लेखापाल, पुस्तकलय र शिक्षकको भूमिका निर्वाह गर्नु परेको, कर्मचारीलाई सेवा सेविधा समय सापेक्ष हुन नसक्नुका साथै माथिल्लो तहमा अध्ययनरत विद्यार्थीले नै कर्मचारीको भूमिका निर्वाह गर्ने जसका लागि छुट्टै कर्मचारी नियुक्ति नगर्ने हुँदा कर्मचारीका लागि थप सेवा सुविधा, सरुवा बढुवा जस्ता कुनै पनि क्रियाकलाप भएको भन्ने तथ्य समेत अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो ।

### ४.२ कर्मचारी व्यवस्थापनले शिक्षामा प्रभाव पार्ने तत्वहरु

विद्यालयमा कार्यरत कर्मचारी भनेका विद्यालय शिक्षाको हरेक गतिविधिसँग सम्बन्धित रहेका हुन्छन् यिनै कुरालाई दृष्टिगत गरेर छनोटमा परेका विद्यालयहरुमा कर्मचारी व्यवस्थापनले बालबालिकाको शिक्षामा के कस्तो प्रभाव परको छ ? भन्ने कुरालाई लक्षित गर्दै अनुसन्धान कर्ताको प्रत्यक्ष उपस्थितिमा छनोटमा परेका विद्यालयहरुमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर छलफल अन्तरक्रिया गर्नुका साथै अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा जानकारी प्राप्त गरिएको छ ।

यसरी गरिएको अनुसन्धान कार्यमा सबैजसो उत्तरदाताहरूबाट विद्यालयमा कार्यरत कर्मचारीहरुको उचित व्यवस्थापन हुननसकि उनीहरुले दत्तचित्तका साथ पेशाप्रति उत्तरदायी भएर लाग्नुका साथै शिक्षक, कर्मचारी, र विद्यार्थीबीचमा सुमधुर सम्बन्ध कायम हुनसकेमा मात्र बालबलिबाको शैक्षिक उन्नती हुन सक्दछ भन्ने जानकारी प्राप्त भएको थियो । यसरी छनोटमा परेको विद्यालयहरूमा कर्मचारी व्यवस्थापनले शिक्षामा के कस्तो प्रभाव पारेको छ त ? भन्ने कुरालाई दृष्टिगत गर्दै अनुसन्धानमा परेका श्री बज्रयोगिनी मा.वि,  कालिका उ.मा.वि सिद्ध महाकाली नि.मा.वि, महेस संस्कृत गुरुकुल मा.वि.मा मा कार्यरत कर्मचारीको व्यवस्थापनको अवस्थालाई हेर्दा कर्मचारीका रुपमा विशेष गरी कार्यालय सहयोगी र लेखापालको मात्र नियुक्ति गरिएको पाइयो यसमा पनि कुनै विद्यालयहरुमा त प्रा.वि. शिक्षकलाई नै लेखापालको जिम्मा दिइएको तथ्य समेत अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो । विद्यालयमा कर्मचारी व्यवस्थापन उचित तवरबाट हुन नसकेको तथ्य अध्ययनका क्रममा प्र.अ., शिक्षक, श्रोतव्यक्ति तथा विद्यार्थीहरूबाट प्राप्त जनाकारी प्राप्त भएको थियो ।

विद्यालयमा कर्मचारी व्यवस्थापनले बालबालिकाको शिक्षामा के कस्तो प्रभाव पारेको भन्ने जस्ता जिज्ञासाहरु राख्दा छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी, कर्मचारी, वि.व्य.स. अध्यक्ष, प्रधानाध्यापकबाट प्राप्त जानकारी अनुसार विद्यालयमा कर्मचारीको उचित व्यवस्थापन हुन सकेमा मात्रै बालबालिकाको शिक्षामा सकरात्मक प्रभाव पर्नुका साथै  प्राविधिक शिक्षा तथा जीवनोपयोगी शिक्षा आर्जन गर्न सक्दछन् भन्ने जानकारी समेत अन्तरवार्ताबाट जानकारी प्राप्त भएको छ ।

कर्मचारी व्यवस्थालाई प्रभावकारी बनाएर बालबालिकाको शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि छनोटमा परेका विद्यालयहरुमा विभिन्न प्रयासहरु भएको जसका लागि कार्यरत कर्मचारीलाई सरकारले तोकेकको न्यूनतम पारिश्रमिकमा थप सेवा सुविधा प्रदान गरी समय सापेक्ष तलब खुवाउने गरेको, उनीहरुका लागि विमाको व्यवस्था

गर्नुका साथै पोषाक तथा दशैंभत्ताको समेत व्यवस्था गर्ने कार्य समेत छनोटमा परेको विद्यालय श्री कालिका उ.मा.वि.का प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । यसरी विद्यालयमा कर्मचारीका लागि उचित व्यवस्थापन गरी शिक्षक, विद्यार्थी तथा कर्मचारीको सम्बन्धलाई समधुर बनाएर कार्य गर्दा विद्यार्थीको शैक्षिक उपलब्धिमा समेत गतवर्षहरुमा भन्दा वृद्धि भएको तथ्य सो विद्यालयका प्र.अ.बाट जानकारी प्राप्त भएको थियो ।

त्यसैगरी छनोटमा परेका अरु तीन वटा विद्यालयहरु श्री महेश गुरुकुल मा.वि., श्री बज्रयोगिनि मा.वि. र श्री सिद्धि नि.मा.वि.मा कर्मचारीका लागि उचित व्यवस्थापन हुन नसकेको त्यसमा पनि श्री महेश संस्कृत गुरुकुल मा.वि.मा त कर्मचारीको कार्यभार माथिल्लो तहमा अध्ययनरत विद्यार्थीहरुले सम्हाल्दै आएको जसका लागि विद्यार्थीहरुलाई न्यूनतम पारिश्रमिक प्रदान गरिएको भए पनि वर्तमान समय अनुसार त्यो अत्यन्त न्यून रहेको पाइयो भने अरु दुई वटा विद्यालयहरु श्री बज्रयोगिनी मा.वि.मा कार्यालय सहयोगी र लेखापाल गरी दुई कर्मचारी भए पनि उनीहरुका लागि सरकारले दिएको न्यूनतम पारिश्रमिक मात्र उपलब्धि गराइएको, लेखापालाई अध्यापन कार्यमा लगाए पनि सो बापत आवश्यक सेवा सुविधा प्रदान नभएको पाइयो ।

त्यसैगरी अर्को विद्यालय श्री सिद्धि महाकाली नि.मा.वि.मा कर्मचारीका रुपमा एक कार्यालय सहयोगी मात्रै रहेको, प्रा.वि. शिक्षकलाई लेखपाल तथा पुस्तकालयको जिम्मा दिने गरेको तर थप सेवा सुविधाको प्रदान नगरिएको पाइयो । यसरी कर्मचारीको उचित व्यवस्थपन हुन नसक्दा शिक्षक विद्यार्थी र कर्मचारी बिच सुमधुर सम्बन्ध हुन नसकेको, कर्मचारीले कति काम गर्ने हो भनेर कार्य विभाजन हुन नसकेकै कारण ठिक समयमा काम सम्पन्न गर्न नसक्ने, विद्यालयमा आवश्यक शैक्षिक सामग्रीहरु आवश्यक ठाउँमा नराखिएको, विद्यालयको लेखा व्यवस्था चुस्त दुरुस्त हुन नसकेको, शिक्षकहरुले

भनेको समयमा पारिश्रमिक पाउन नसकेको, जस्ता विविध समस्याहरु सृजना हुन गई अध्ययन अध्यापन कार्यमा बाधा पुगेको पाइयो ।

कर्मचारीको उचित व्यवस्थान हुन नसकेका विद्यालयमा कर्मचारीहरुलाई आफ्नो पेशाप्रति निरुत्साह पैदा हुनुका साथै ठीक समयमा काम नगरिदिने, शिक्षकको निर्देशन पालना नगरिदिने जस्ता कार्यकलापले गर्दा प्रभावकारी ढंगबाट शिक्षकले चाहेर पनि पठनपाठन सञ्चालन गर्न नसक्ने, तोकिएको समयमा विद्यार्थीको नतिजा प्रकाशन गर्न नसक्ने जस्ता समस्याहरु हुने गरेको तथ्य अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो ।

## ४.३ सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनका समस्याहरु

छनोटमा परेका विद्यालयहरुमा कर्मचारी व्यवस्थापन गर्नका लागि के कस्ता समस्याहरु रहेका छन् ? किन कर्मचारीको उचिति व्यवस्थापन हुन नसकि शैक्षिक वातावरणमा समस्या सृजना भएको छ भन्ने जस्ता कुराहरुलाई दृष्टिगत गर्दै विद्यालयका प्र.अ., वि.व्यस. अध्यक्ष, शिक्षक, विद्यार्थी तथा कर्मचारीहरुसँग गरिएको अन्तरवार्ता प्रश्नावली

### ४.३.१ विद्यालयमा आवश्यक शैक्षिक सामग्री समयमा उपलब्ध नहुने

कुनै पनि विद्यालयमा कार्यरत कर्मचारीहरु विद्यालयका अंगका रुपमा मानिन्छन् । विद्यालयका लागि आवश्यक शैक्षिक सामग्रीहरु ल्याउनका लागि लेखापाल तथा कार्यालय सहयोगीहरुलाई जिम्मा दिइने, आफ्नो कार्यभारका कारण भनेको समयमा तोकिएको स्थानमा गएर सामान खरिद गरेर ल्याउन तथा सामान खरिदका लागि आवश्यक रकम झिक्नका लागि समेत लेखपालको कार्यव्यवस्ताले गर्दा समयमा हुन नसकेको भन्ने जस्ता तथ्यहरु अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो ।

### ४.३.२ विद्यालयमा शिक्षणका लागि उपयुक्त वातावरण तयार हुन नसकेको

विद्यालयमा कार्यरत कर्मचारीहरु आफ्नो पेशाप्रति निरुत्साही हुने र उनीहरुले अध्यापन कार्यका लागि शिक्षकलाई सहयोग नगरिँदा अध्यापन गर्न उपयुक्त वातावरण नहुनका साथै चाहेर पनि आफूहरुले भनेजसरी अध्यापन गराउन नसकेको भन्ने जस्ता तथ्यहरु अनुसन्धानको क्रममा शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो । शिक्षक पढाउन आउने, प्राक्टिकलका लागि प्रयोगशालामा लैजाँदा आवश्यक सामानहरु नै नपाइने, बजारबाट किनेर ल्याउनु पर्ने शैक्षिक सामग्री लेखाललाई जिम्मा दिएको १५।२० दिन हुँदा पनि आइनसकेकोले प्रयोगात्मक अभ्यास गराउन नसकिने भन्ने जस्ता गुनासाहरु शिक्षकहरुले गर्ने गरेको तथ्य समेत विद्यार्थीहरुसँगको छलफल एवम् अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो ।

### ४.३.४ विद्यार्थीलाई सिकाइप्रति निराशा पैदा हुने गरेको

कुनै पनि विद्यालयमा आवश्यक शैक्षिक सामग्री उपलब्ध हुन नसक्नु, शिक्षकका लागि उपयुक्त अध्यापन गर्ने वातावरण नहुनुजस्ता समस्याले विद्यार्थीलाई प्रत्यक्ष एवम् परोक्ष रुपले असर पारेको हुन्छ छनोटमा परेका विद्यालयहरुमा पनि विद्यालयमा कर्मचारीको उचित व्यवस्था हुन नसकेका कारण सिकाइप्रति कठिनाइ हुने गरेको र विद्यालयमा आएर उपयुक्त वातावरणमा सिक्न नपाउने भएका कारण विद्यालय आउन नै मन नलाग्ने भन्ने जस्ता तथ्यहरु विद्यार्थीहरुसँगको अन्तरवार्ता प्रश्नावलीबाट जानकारी प्राप्त भएको थियो ।

मेक्स वेवरको कर्मचारी व्यवस्थापन नामक शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा छनोटमा परेका विद्यालयहरुमा कर्मचारी व्यवस्थापलने शिक्षामा पारेको प्रभावका बारेमा अध्ययन अनुसन्धान गर्दा कर्मचारी व्यवस्थापन प्रणाली राम्रोसँग हुन सकेका विद्यालयमा शिक्षकहरुले प्रयोगात्मक तथा सैद्धान्तिक ज्ञानलाई मनोवैज्ञानिक ढंगले बालबालिकामा प्रदान गर्न सकेको, शिक्षक, विद्यार्थी सम्बन्ध सुमधुर रहेको पाइयो भने

व्यवस्थापन पक्ष राम्रो हुन नसकेका विद्यालयमा विद्यालय कोण शैक्षिक गतिविधिमा समस्या आउनुका साथै विद्यार्थीहरुलाई पढाइप्रति अरुचि, शिक्षकमा जोस जाँगरको कमी हुनुका साथै शिक्षक विद्यार्थी बीचको सम्बन्ध समेत टाढिन पुगेको नतिजा प्राप्त भएको छ ।

## ४.४ सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापन गरी शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायहरु

कुनै पनि विद्यालयमा कार्यरत कर्मचारीलाई उचित रुपले व्यवस्थापन हुन सकेका खण्डमा मात्रै विद्यार्थीको शैक्षिक उपलब्धि समेत वृद्धि हुन सक्दछ । छनोटमा परेका विद्यालयहरुमा गरिएको अध्यनय अनुसन्धान तथा छलफलबाट प्राप्त जानकारी अनुसार विद्यालयमा कर्मचारीको व्यवस्थापन गरी शैक्षिक उपलब्धि वृद्धिका लागि निम्नलिखित उपायहरु प्राप्त भएका छन् :

### ४.४.१ कर्मचारी नियुक्ति प्रक्रिया निष्पक्ष हुनु पर्ने

कुनै पनि संघ संघठनमा कार्यरत कर्मचारी नियुक्ति गर्दा हाम्रो मान्छे नभई राम्रो मान्छेलाई प्राथमिकता दिनु पर्ने देखिन्छ । छनोटमा परेका विद्यालयहरुमा कार्यरत कर्मचारी तथा शिक्षकसँग गरिएको अन्तरवार्ता प्रश्नावली अनुसार विद्यालयका लागि आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्दा विज्ञापन प्रकाशित गरिने भए पनि प्रभावकारी हुन नसकेको, विभिन्न राजनीतिक प्रभाव, नातावाद र कृपावादका प्रभावहरुले गर्दा सक्षम व्यक्तिले कार्यभार सम्हाल्ने अवसर प्राप्त गर्न नसकेको भन्ने जस्ता उत्तरहरु धेरैजसो विद्यालयका कर्मचारी तथा शिक्षकबाट जानकारी प्राप्त भएको थियो । कर्मचारीलाई उचित व्यवस्थापनका लागि नियुक्ति गर्दा नै राम्रो र योग्य व्यक्तिको नियुक्ति गर्न सकेका खण्डमा मात्रै उसले सक्षमताका साथ कार्यभार सम्हाल्न सक्ने हुँदा कर्मचारी नियुक्तिका क्रममा निष्पक्षता हुनुपर्ने तथ्य प्राप्त भएको छ ।

### ४.४.२ समय सापेक्षा पारिश्रमिक र सेवा सुविधा प्रदान गरिनु पर्ने

विद्यालयमा कार्यरत कर्मचारीहरुलाई न्यून पारिश्रमिक भएकै कारणले पेशाप्रति निरुत्साहित हुँदै गएको पाइयो । वर्तमान परिवेश अनुसार पारिश्रमिक नहुँदा विकल्पका रुपमा अन्य जागिरको खोजि गर्नुपर्ने अवस्था रहेको जसले गर्दा गरिरहेको कार्यप्रति समय दिन नसकेको भन्नेजस्ता उत्तरहरु समेत अध्ययनबाट प्राप्त भएको थियो । भोलिका दिनहरुमा कर्मचारीहरुलाई आफ्नो पेशाप्रति उत्साहित बनाइ विद्यालयमा शैक्षिक कार्यकलापलाई व्यवस्थित गर्नका लागि कार्यरत कर्मचारीलाई उचित पारिश्रमिक र सेवा सुविधाको प्रदान गर्नु आवश्यक रहेको तथ्य प्र.अ. एवम् शिक्षकबाट जानकारी प्राप्त भएको छ ।

### ४.४.३ शिक्षक, कर्मचारी र विद्यालय प्रशासन बिचको सम्बन्ध सुमधुर हुनुपर्ने

छनोटमा परेका विद्यालयमा शिक्षक, कर्मचारी तथा विद्यालय प्रशासन बिच सुमधुर सम्बन्ध हुन नसकेको, विद्यालय प्रशासन तथा शिक्षकले कर्मचारीलाई तल्लो वर्गको रुपमा हेरिँदिँदा आफूहरुलाई आत्मग्लानी हुने गरेको भन्ने जस्ता तथ्यहरु कर्मचारीसँगको अन्तरवार्ता प्राप्त भएको थियो । आफ्नो कामको उचित मूल्यांकन नहुने, जति कार्य गर्दा पनि त्यसको बारेमा कुनै सम्बोधन नहुने हुँदा काम गर्न मन नलाग्ने र केवल औपचारिकता प्रदान गर्नका लागि मात्र गरिने गरिएको भन्ने जस्ता तथ्यहरु अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो । शिक्षक तथा विद्यालय प्रधानाध्यापकले आफूहरुलाई समान व्यवहार गरी काम प्रति उपयुक्त वातावरण सृजना गर्न सकेको खण्डमा भनेको समयमा कार्य सम्पादन गर्न सकिने र आफूहरुलाई पनि कार्य गर्न सहज हुने भन्ने जस्ता उत्तरहरु प्राप्त भएको हुँदा कर्मचारी व्यवस्थापनमा देखिएका समस्याहरुलाई निराकरण गर्नका लागि शिक्षक, कर्मचारी र विद्यालय प्रशासन बिचको सम्बन्ध सुमधुर हुनु पर्दछ ।

### ४.४.४ कार्यरत कर्मचारीको कार्यविभाजन हुनु पर्ने

छनोटमा परेका विद्यालयहरुमा कार्यरत कर्मचारीको कार्य विभाजन के कसरी गरिएको छ भन्ने बारेमा शिक्षक, प्र.अ., एवम् कर्मचारीसँग गरिएको छलफल एवम् अन्तरक्रिया अनुसार कर्मचारीलाई उपयुक्त तवरबाट कार्य विभाजन हुन नसकेको पाइयो । एउटा प्रा.वि.तहमा कार्यरत शिक्षकलाई पुस्तकालय एवम् लेखा व्यवस्थापनको समेत जिम्मा दिइएको जसले गर्दा आफूहरुलाई काम प्रति अनुभव हुन नसक्दा कार्यसम्पादनमा ढिलाई हुनुका साथै उपयुक्त ढंगले गर्नं नसकिएको भन्ने जस्ता तथ्य समेत अनुसन्धानबाट जानकारी प्राप्तभ भएको थियो । विद्यालयका प्र.अ. तथा शिक्षकबाट प्राप्त जानकारी अनुसार कार्यरत कर्मचारीलाई कार्य विभाजन गरेर कामप्रतिको जिम्मेवारी दिन सकेका खण्डमा कर्मचारीको व्यवस्थापन प्रक्रिया अरु प्रभावकारी हुन सकि शैक्षिक उपलब्धिमा समेत वृद्धि आउनसक्ने तथ्य प्राप्त भएको छ ।

### ४.४.५ कार्यरत कर्मचारीका लागि तालिमको व्यवस्था हुनुपर्ने

कुनै पनि संस्थामा कार्यगर्ने कर्मचारीलाई समय सापेक्ष तालिमको व्यवस्थ गर्नु आवश्यक रहन्छ । छनोटमा परेको विद्यालयमा कर्मचारीहरुको कार्यक्षमतामा वृद्धि गर्नका लागि के कस्ता तालिमको व्यवस्था गर्ने गर्नुभएको छ भनी विद्यालयका शिक्षक तथा प्र.अ.सँग गरिएको अन्तरवार्ता प्रश्नावली अनुसार सरकारी तवरबाट कार्यरत कमर्चारीका लागि कुनै पनि प्रकारका तालिमको व्यवस्था नगरिएको, हाल आएर लेखापालका लागि लेखा राख्ने सम्बन्धी आधारभूत तालिम दिएको भए पनि त्यो पर्याप्त हुन नसकेको भन्ने जानकारी प्राप्त भएको थियो ।

विद्यालयमा कर्मचारी नियुक्ति गरिने तर उसले गर्ने कामको बारेमा उचित तालिम नभई नियुक्ति भएर काम गर्दै सिक्ने परिपाटीको सृजना हुँदा कतिपय कार्यहरु नजानेकै कारणले गर्दा विग्रने, विशेष गरी विद्यालयको लेखा व्यवस्थापन, पुस्तकालय व्यवस्थापन जस्ता क्रियाकलापका लागि उचित तालिम नहुँदा असहज भएको भन्ने

तथ्यहरु कर्मचारीहरुसँगको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको थियो । भोलिका कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाई शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि शिक्षकलाई तालिम मात्र होइन विद्यालयमा कार्यरत कर्मचारीका लागि समेत उपयुक्त तालिम प्रदान गर्ने नीति ल्याउन सकेको खण्डमा व्यवस्थापन प्रक्रिया प्रभावकारी हुने तथ्य प्राप्त भएको छ ।

### ४.४.६ विद्यालयमा बढ्दो राजनीतिलाई कम गरिनु पर्ने

विद्यालयको अस्वस्थ्य राजनीतिका कारणले गर्दा लामो समयसम्म कार्यरत कर्मचारीहरु पनि विनाकारण पेशाबाट अवकाश लिनु पर्ने, कार्यरत कर्मचारीहरुले राजनीतिक कारणहरु देखाएर विदामा बस्ने जस्ता समस्याहरु छनोटमा परेका विद्यालयहरुमा रहेको तथ्य विद्यालय कर्मचारी, व्यवस्थापन समितिका अध्यक्ष एवम् विद्यार्थीबाट जानकारी प्राप्त भएको छ । यसरी विद्यालयमा कार्यरत कर्मचारीहरुलाई उचित व्यवस्थापन गरी शैक्षिक उपलब्धि वृद्धि गर्नका लागिका लागि विद्यालयमा हुने गरेको राजनीतकि हस्तक्षेप तथा बढ्दो अस्वस्थ्य राजनीतक प्रवृत्तिको अन्त्य गरी विद्यालय समयभित्र कुनै पनि राजनीतकि कारण देखाएर विदा लिन नपाइने व्यवस्था गर्नुका साथै राजनीतिक पहुँचका आधारमा कर्मचारी नियुक्ति गर्ने जस्ता प्रवृत्तिको अन्त्य गरिनु आवश्यक रहेको पाइयो ।

### ४.४.७ दण्ड तथा पुरस्कारको व्यवस्था गरिनु पर्ने

कुनै पनि कार्यलय एवम् संस्थामा काम गर्ने कर्मचारीलाई उसको पेशाप्रति प्रोत्साहन गर्नका लागि संस्थामा राम्रो काम गर्नेलाई प्रोत्साहन गर्ने र नराम्रो कार्य गर्नेलाई दण्डको व्यवस्था गरिनु आवश्यक रहन्छ । छनोटमा परेका विद्यालयहरुमा कर्मचारीलाई पेशाप्रति प्रोत्साहन गर्नका लागि कुनै पनि कार्यक्रमहरु नभएको तथ्य कर्मचारी एवम् प्र.अ.सँगको छलफल अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ । भोलिका दिनमा कर्मचारीलाई उचित व्यवस्थापन गरी शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि पुरस्कार

तथा दण्डको नीति राखिएको खण्डमा कर्मचारी व्यवस्थापन प्रभावकारी बन्न गई शैक्षिक उपलब्धि वृद्धि हुन सक्ने तथ्य अनुसन्धानबाट जानकारी प्राप्त भएको छ ।

माक्स वेइवरको कर्मचारी व्यवस्थापनलाई आधार मानेर सामुदायिक विद्यालयमा सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था  नामक शीर्षकमा गरिएको यस अध्ययन अनुसन्धानमा कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाइ शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि कार्यरत कर्मचारीका लागि उचित पारिश्रमिकको व्यवस्था हुनुपर्ने, कर्मचारी, शिक्षक र विद्यार्थीमा सुमधुर सम्बन्ध कायम गरिनु पर्ने, तालिमको व्यवस्था गरिनु पर्ने भन्नेजस्ता नतिजाहरु प्राप्त भएका छन् ।

# परिच्छेद : पाँच
# निष्कर्ष र सुझावहरू

कुनै पनि अध्ययन कार्यका लागि आवश्यक जनसंख्याको छनोट गरेर तथ्यांक संकलनका स्रोत र साधनको प्रयोगबाट तथ्यांक संकलन गरिसकेपछि सोही अनुसार व्याख्या एवम् विश्लेषण गरी अध्ययनका कार्यको शारांश तथा निष्कर्षका अधारमा भोलिका दिनहरुमा के कस्ता कार्यहरु हुन सकेका खण्डमा अझ प्रभावकारी बनाउन सकिन्छ भन्ने जस्ता सुझावहरु प्रस्तुत गर्नु कुनै पनि अध्ययन कर्ताको दायित्व अन्तर्गत पर्ने हुँदा यस अध्ययनका कार्यमा प्राप्त तथ्यांकको व्याख्या एवम् विश्लेषण पश्चात प्राप्त प्राप्त प्प्तिका अधारमा निम्नानुसारका उपशीर्षकमा निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष

सामुदायिक विद्यालयमा सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था नामक शीर्षक चयन गरी गरिएको यस अध्ययन अनुसन्धानमा सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था पहिचान गर्नु , कर्मचारी व्यवस्थापनले शिक्षा प्रभाव पार्ने तत्वहरुको लेखजोखा गर्नु, सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापन का समस्याहरु पहिचान गर्नु, सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापन गरी शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायहरु सुझाउनु जस्ता उद्देश्यहरु रहेका छन् ।

सामुदायिक विद्यालयमा सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था नामक शीर्षक चयन गरी गरिएको यस अध्यनय अनुसन्धानमा गुणात्मक विधिको प्रयोगद्वारा तथ्यांक संकलन गरिएको छ । अध्ययन अनुसन्धालाई पूर्णता प्रदान गर्नका लागि विभिन्न लेखरचना तथा आजभन्दा अगाडि गरिएका सम्बन्धित साहित्यहरुलाई साहित्यको पुनरावलोकनको रुपमा अध्ययन अनुसन्धान गरिएको छ ।

विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्थाका बारेमा नियाल्दा छनोटमा परेको विद्यालय श्री कालिका उ.मा.वि.मा कर्मचारी व्यवस्थापन राम्रो रहेको पाइयो । जहाँ सरकारले तोकेको न्यूनतम पारिश्रमिका निजिस्रोतबाट पारिश्रमिक थप गरि कर्मचारीलाई प्रदान गर्नुका साथै कार्यरत कर्मचारीहरुका लागि विमाको समेत व्यवस्था गरिएको छ । छनोटमा परेका अरु तीन वटा विद्यालय सिद्धि नि.मा.वि., बज्रयोगिनि मा.वि. र महेश गुरुकुल मा.वि.को कर्मचारी व्यवस्थापनलाई हेर्दा महेश गुरुकुलमा कर्मचारी नै नियुक्ति नगरी माथिल्लो तहमा अध्ययनरत विद्यार्थीले कर्मचारीको भूमिका निर्वाह गरेको पाइन्छ भने सिद्धि महाकाली नि.मा.वि.मा कर्मचारीका रुपमा कार्यालय सहयोगीमात्र नियुक्ति गरिएको पाइन्छ । त्यसैगरी छनोटमा परेको विद्यालय बज्रयोगिनी मा.वि.मा लेखपाल र कार्यालय सहयोगीलाई कर्मचारीका रुपमा नियुक्ति गरिएको भए पनि दिइने पारिश्रीमक नेपाल सरकारको न्यूनतम परिश्रमिक भन्दा माथि रहेको छैन । लेखापाललाई अध्यापन गर्न लगाए पनि उचित पारिश्रमिक प्रदान हुन नसकेको देखिन्छ ।

छनोटमा परेको विद्यालयमा कर्मचारी व्यवस्थापले शिक्षामा के कस्तो प्रभाव पारेको छ भन्ने बारेमा अध्यनय अनुसन्धान गर्दा कर्मचारीलाई उचित पारिश्रमिक दिएर प्रभावकारी ढंगबाट व्यवस्थापन हुन सकेका विद्यालयमा विद्यालयको शैक्षिक वातावरण सुमधुर बन्न पुगेको पाइयो । शिक्षक तथा विद्यार्थी र कर्मचारी बिच सुमधुर सम्बन्ध कायम हुन पुगी कर्मचारी आफ्नो जिम्मेवारीप्रति वफादार रहनुका साथै विद्यालयको पुस्तकालय, लेखा व्यवस्था, अफिस कोठामा गरिने सरसफाई, शैक्षिक सामग्रीको व्यवस्थापन जस्ता कुराहरुमा सहज भएको देखिन्छ भने कर्मचारीको उचित व्यवस्थापन हुन नसकेका विद्यालयमा शिक्षक, विद्यार्थी र कर्मचारी बिच सुमधुर सम्बन्ध कायम नरहेको, विद्यालयमा कर्मचारीले जागरुक भएर कार्य गर्न नचाहने, काम छाडेर अन्य विकल्प खोज्ने गरेका जस्ता समस्याहरु सृजना भएको देखिन्छ ।

कुनै पनि संघसंस्थामा कार्यरत कर्मचारीहरुको उचित व्यवस्थापन हुन सकेन भने उपयुक्त प्रतिफल हात पार्न सकिँदैन । विद्यालयमा कार्यरत कर्मचारीहरुको उचित व्यवस्थापन हुन सकेमा मात्र विद्यालयमा सिकाइको वातावरण उपयुक्त हुन गई सोही अनुसार शैक्षिक उपलब्धि हात पार्न सक्दछ । विद्यालयमा शिक्षणका कार्यकालागि शिक्षकहरु रहेका हुन्छन् भने विद्यालयको पुस्तकालय, लेखा व्यवस्थापक, कार्यालय सहयोगीका रुपमा अन्य कर्मचारीहरु नियुक्ति गरिँदै आइएको छ ।

विद्यालयमा कार्यरत कर्मचारीलाई शिक्षकलाई अध्यापन गर्नका लागि उपयुक्त वातावरण सृजना गरिदिन सकेको खण्डमा उनीहरुले भनेको समयमा कार्य गरिदिएमा मात्र शिक्षकले विद्यार्थीलाई सहज ढंगबाट शिक्षा आर्जन गराउन सक्ने हुँदा कर्मचारीका आवश्यकता एवम् समस्यालाई पहिचान गरी सोही अनुसार सेवा सुविधा प्रदान गर्ने, आवश्यक पारिश्रमिक तोक्ने, कामका आधारमा बढुवा गर्ने जस्ता कार्यहरु गर्न सकेको खण्डमा कर्मचारीको उचित व्यवस्थापन हुन गई विद्यालयमा वातावरणमा सहजता आउन सक्ने तथ्य छनोटका क्रममा जानकारी प्राप्त भएको छ ।

वेवर (१८६४-१९२०) गुणस्तरीयता र योग्यताको आधारमा कार्यसम्पादनको निष्पक्ष मूल्यांकन हुनु गर्नुपर्दछ भन्ने मान्यता राख्ने वेक्स वेवरद्वारा नै कर्मचारी व्यवस्थापनको सिद्धान्त प्रतिपादन गरिएको हो ।  उनीद्वारा प्रतिपादित सिद्धान्त अनुसार कुनै पनि संस्थाको उद्देश्य पूरा गर्नका लागि सवल र सफल कर्मचारीको संयन्त्र मिलाउनु आवश्यक रहन्छ । संगठनात्मक संरचनामा कार्य अधिकार एवम् शक्तिको सुव्यवस्थित विभाजन हुनुपर्ने, गुणस्तरीयता र योग्यताको आधारमा कर्मचारीको कार्यसम्पादनको निष्पक्ष मूल्यांकन गर्नुपर्दछ, संगठनमा इमानरिता कायम गरेर प्राविधिक दक्षता र क्षमताको आधारमा संगठनको विकास गर्नुपर्ने भन्नेजस्ता धारणाहरु प्रस्तुत गरिएको छ । यसरी म्याक्स वेवरको कर्मचारी व्यवस्थापनको सिद्धान्तलाई आधार मानेर गरिएको यस अध्ययन अनुसन्धान निम्नलिखित कुराहरु प्राप्त भएका छन् :

विद्यालयमा विद्यालयको कामकाजलाई सूचारु रुपले सञ्चालन गर्नका लागि कर्मचारीहरुको नियुक्ति गरिँदै आएको पाइयो । कर्मचारीको नियुक्ति गर्दा सूचना प्रकाशित गरी स्थानीय पत्रपत्रिकामा विज्ञापन दिएर अन्तरवार्ता तथा प्रयोगात्मक परीक्षाका माध्यमबाट नियुक्ति गर्ने गरिएको पाइयो । कर्मचारीको नियुक्ति गर्दा कर्मचारीलाई दिइने पारिश्रमिक, नियुक्ति प्रक्रियामा कमजोरी जस्ता विविध कुराहरुले गर्दा दक्ष व्यक्तिको नियुक्तिका लागि समस्या रहेको पाइयो । धेरैजसो विद्यालयमा विद्यालयका लागि आवश्यक कर्मचारीहरु पूर्णरुपमा नियुक्ति हुन नसकि कतै विद्यार्थीले त कतै शिक्षकहरुले नै कर्मचारीको भूमिका निर्वाह गर्दै आएको पाइयो । छनोटमा परेका धेरैजसो विद्यालयमा कार्यरत कर्मचारीलाइ दिने सेवा सूविधा अत्यन्त न्यून रहेको सरकारले तोकेको न्यून पारिश्रमिकका आधारमा काम गर्नु परेको कर्मचारीलाई तोकिको कार्यभार सँगसँगै अध्यापन कार्यमा समेत लगाईदिँदा कार्यभार बढ्नगई सहज ढंगबाट कार्य सम्पादन गर्न नसकेको पाइयो । कार्यरत कर्मचारीहरुलाई तालिमको उचित व्यवस्थापन हुन नसक्दा नियुक्ति भएर काम गर्दा असहज हुने, काम विग्रने जस्ता विविध समस्याले गर्दा कार्यबोझ बढेको अनुभूति हुने गरेको पाइयो । छनोटमा परेका विद्यालयहरु मध्ये एउटा विद्यालयमा मात्र कर्मचारीका लागि विमाको व्यवस्था, पोषाक एवम् भात्ताको व्यवस्था गर्नुको साथै कार्यभार अनुसार थप पारिश्रमिको व्यवस्था गरिएको पाइयो । कर्मचारीको उचित व्यवस्थापन हुन सकेका विद्यालयमा उपयुक्त शैक्षिक वातावरण हुनुका साथै पुस्तकालयको व्यवस्थापन लेखा व्यवस्थापन, कार्यालय सरसरफाइ जस्ता विविध पक्षहरु राम्रो रहेको, कर्मचारी कामप्रति जागरुक हुनुका साथै शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन र कर्मचारी बिचको सम्बन्ध सुमधुर भई शैक्षिक क्रियाकलापमा सहयोग पुगेको पाइयो । विद्यालयमा कर्मचारीको उचित व्यवस्थापन हुन नसक्दा शिक्षकले अध्यापन गर्न नचाहने, कर्मचारीले विद्यालय प्रशासन तथा शिक्षकले भनेको निर्देशन समयमा पालना नगर्ने, औपचारिकतामा मात्र ध्यान दिने जस्ता प्रवृत्तिहरु बढ्न गई शैक्षिक क्रियाकलापमा समस्या सृजना भएको पाइयो ।

निष्पक्ष ढंगबाट कर्मचारीको नियुक्ति गरी उनीहरुलाई उचित पारिश्रमिक दिएर पेशाप्रति प्रोत्साहन गर्नुका साथै , कार्यरत कर्मचारीलाई पुनर्ताजगी तालिम, विमाको व्यवस्था, पोषक व्यवस्था गर्न सकेको खण्डमा कर्मचारीको उचित व्यवस्थापन हुन पुगी शैक्षिक उपलब्धिमा समेत सकारात्मक प्रभाव पर्न सक्नेछ भन्ने निष्कर्ष निकालिएको छ ।

## ५.२ सुझावहरु

यस शोधपत्रको अध्ययनको क्रममा प्राप्त तथ्याङ्कको विश्लेषण, विद्यालयसँग सम्बन्धित व्यक्तिहरुको राय तथा समस्याको समाधान सम्वन्धि सुझाबहरुलाई समेत आधार मानि शैक्षिक गुणस्तरका लागि निन्नानुसार सुझाब प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तह

विद्यालयमा कर्मचारीको मनोभावनालाई उच्च राखि गुणस्तरीय शिक्षा विकासमा समर्पित हुनु पर्ने देखिन्छ  जसका लागि विद्यालयमा कार्यरत कर्मचारीलाई उनीहरुको कामका आधारमा बढुवा गर्ने, थप पारिश्रमिक प्रदान गर्ने नीति सम्बन्धित निकायबाट हुनु पर्ने देखिन्छ । कार्यरत कर्मचारीलाई आफ्नो पेशामा देखिएका समस्या निराकरण गर्नुका साथै समय सापेक्ष काम गर्न सक्षम बन्नका लागि विभिन्न तालिमहरुको व्यवस्था गर्ने नीति निर्माण तय हुन सकेको खण्माड भोलिका दिनहरुमा कर्मचारी व्यवस्थापनमा थप सुधार भई शैक्षिक उपलब्धि वृद्धि गर्न सकिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालयको शैक्षिक विकासका लागि विद्यालयमा कार्यरत कर्मचारीको उचित व्यवस्थपन भई शिक्षक, विद्यार्थी, र कर्मचारी बिच सुमधुर सम्बन्ध कायम गरेर उपयुक्त वातावरणको सृजना गर्नु आवश्यक छ । छनोटमा परेका विद्यालयहरुमा कर्मचारी हरुले के कसरी कार्य गरेका छन् ? उनीहरुका समस्याहरु के के छन् भन्ने जस्ता कुराहरुमा विद्यालय प्रशासन

एवम् विद्यालय व्यवस्थापन समितिबीच छलफल तथा अन्तरक्रिया गरी समाधानका उपाय निकाल्नु पर्ने देखिन्छ ।

### ५.२.३ थप अनुसन्धान तह

विद्यालयमा कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि विद्यालय निरिक्षक, विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष, शिक्षक, अभिभावकहरुले  के कस्तो भूमिका निर्वाह गर्दै आएका छन् ? कर्मचारीहरुलाई के कस्ता सेवा सुविधा प्रदान गरिएको छ भन्ने जस्ता कुराहरुको बारेमा अध्ययन अनुसन्धान हुनु आवश्यक देखिन्छ । विद्यालयमा कर्मचारी व्यवस्थापन प्रभावकारी नहुनुमा विद्यालयको आर्थिक अवस्था, व्यवस्थापन समितिका कमिकमजोरी जस्ता कुराहरुलाई गहन रुपमा अध्ययन अनुसन्धन गरी समस्या समाधानका उपायहरु सुझाउनु पर्ने देखिन्छ । विद्यालयका कार्यरत कर्मचारीको कार्यभार, योग्यता, उनीहरुलाई विद्यालय वातावरणमा गरिने व्यवहार जस्ता कुराहरुको समेत अध्ययन अनुसन्धान हुन सकेका खण्डमा कर्मचारी व्यवस्थापनका बारेमा अरु थप तथ्य पहिचान हुन गई व्यवस्थापनमा देखिएका समस्या निराकरण गर्नमा सहयोग पुग्दछ ।

# सन्दर्भ ग्रन्थ


अधिकारी विष्णुप्रसाद (२०६९), *सामुदायिक माध्यमिक विद्यालयका चुनौति र अवसरहरु,* www.karnadhaar.org, जेठ २२ सोमबार

इभर्स, जेम्स (२०६६ पौष), *विद्यालयको समस्या शिक्षण होइन व्यवस्थापन,* ललितपुर : शिक्षक मासिक पत्रिका ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५९), *शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहार,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६६), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

पण्डित, दिननाथ (२०५४), *माध्यमिक विद्यालय व्यवस्थापन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पाण्डे (२०४४), *शिक्षामा सहभागिता,* विकासको निम्ति शिक्षा सेरिड, काठमाडौँ : त्रि.वि.।

ढकाल, एस (२०७०), *मानव शंसाधन व्यवस्थापन,* काठमाडौँ : लुम्बिनी प्रकाशन ।

थापा, तीर्थबहादुर (२०१२), *शैक्षिक संस्थाहरुमा मानव संशाधन र तनाव व्यवस्थापन, सुर्खेत : सुर्खेत दैनिक,* www. surkhetpatra.blogspot.com, Feb 25 .

धामी, केशवसिंह (२०६१), *विद्यालयमा आधारित व्यवस्थापन पद्धतिको आवश्यकता र चुनौतीहरु,* कीर्तिपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

राउत, कुमार (२०६१), *संस्थागत तथा सासिमुदायिक विद्यालय व्यवस्थापन एक तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि.वि. शिक्षाशास्त्र संकाय ।

रिजाल, खगेस्वर (२०६७), *सामुदायिक विद्यालयमा द्वन्द्व व्यवस्थापन,* चितवन : अप्रकाशित स्नातकोत्तर शोत्रपत्र ।

*विधेयक विधेयक समीक्षा (२०६८),राष्ट्रिय साप्ताहिक* **www** ekantipur. com/ nepal/article, 2013, March, 23.

शर्मा, कुवेरनाथ (२०६५), *शिक्षाको दर्शन शास्त्रीय तथा समाज शास्त्रीय आधार, रत्नपुस्तक भण्डार* काठमाडौँ ।

# अनुसूची १

## अवलोकन फाराम

| क्र.सं. | विवरण | उत्तम | ठिकै | नराम्रो |
|---|---|---|---|---|
| 1 | कर्मचारीलाई दिने सेवा सुविधा | | | |
| 2 | काम गर्ने वातावरण | | | |
| 3 | काम गर्ने समको निर्धारण | | | |
| 4 | कर्मचारीप्रति गरिने व्यवहार | | | |
| 5 | कर्मचारीलाई दिइने पदिय जिम्मेवारी | | | |
| 6 | कर्मचारिहरुलाई प्रदान गरिने तालिम | | | |

## सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था

## अनुसूची २

## प्र.अ.का लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली

**प्र.अ.को नाम** **लिङ्गः** **ठेगाना :**

1. यहाँले प्र.अ. पदमा रही कार्यभार सम्हाल्दै आउनु भएको कति वर्ष भयो ?

...........................................................................................................

2. यहाँको विद्यालयमा कार्यरत कर्मचारीहरुको वर्तमान अवस्था कस्तो छ ?

...........................................................................................................

3. विद्यालयमा कार्यरत कर्मचारीहरु आफ्नो पेशाप्रति सन्तुष्ट छन् ?

...........................................................................................................

4. कर्मचारीहरुलाई के कसरी वेवस्थापन गरिएको छ ?

...........................................................................................................

5. कर्मचारीहरुलाई आवश्यक तालिम तथा सेवासुविधाहरु के कसरी व्यवस्थापन गरिएको छ ?

...........................................................................................................

6. विद्यालयमा कर्मचारी व्यस्थापनले शिक्षामा के कस्तो प्रभाव पारेको छ ?

...........................................................................................................

7. विद्यालयमा कर्मचारी व्यवस्थापनमा देखा परेका समस्याहरु के के छन् ?

..........................................................................................................

8. कर्मचारीको उचित तवरबाट व्यवस्थापन हुन नसक्दा शिक्षामा के कस्तो प्रभाव पारेको छ ?

........................................................................................................

९. विद्यालयमा कर्मचारीको उचित व्यवस्थापन गरी शैक्षिक उपलब्धि वृद्धिका लागि यहाँले के कस्तो भूमिका निर्वाह गर्नु भएको छ ?

...........................................................................................................

## सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था

## अनुसूची ३

## स्रोतव्यक्तिका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली

**लिङ्ग:**

**स्रोतव्यक्तिको नाम :** **ठेगाना:**

1. यहाँको स्रोतकेन्द्रका विद्यालयहरुमा कर्मचारी व्यवस्थापनको अवस्था के कस्तो रहेको छ ?

   ..............................................................................................

2. यहाँको विचारमा कर्मचारी व्यवस्थापनले शिक्षामा कस्तो प्रभाव पार्दछ ?

   ..............................................................................................

3. सामुदायिक विद्यालयमा कर्मचारीको उचित व्यवस्थापन गरेर विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि के कस्ता समस्याहरु रहेका छन् ?

   ..............................................................................................

4. कर्मचारीहरुका लागि प्रयाप्तमात्रामा तालिमको व्यवस्था गरिएको छ ? यदि छैन भने व्यवस्था गर्न नसक्नुका कारणहरु के के हुन सक्छन् ?

   ..............................................................................................

5. कर्मचारीहरुलाई उचित तलब तथा सेवा सुविधा प्रदान भएको छ ? यदि छैन भने उचित व्यवस्थापन हुन नसक्नुका समस्याहरु के के छन् ?

   ..............................................................................................

6. भोलिका दिनहरुमा के कस्ता कार्यक्रम ल्याउने हो भने कर्मचारीको उचित व्यवस्थापन गरी शैक्षिक उपलब्धिमा प्रभावकारी ढंगबाट वृद्धि गर्न सकिएला ?

   ..............................................................................................

7. सामुदायिक विद्यालयमा कर्मचारीको उचित व्यवस्थापन गरी शैक्षिक उपलब्धिमा वृद्धि गर्नका लागि स्रोतव्यक्तिका तर्फबाट यहाँले निभाउनु भएको भूमिका के कस्तो रहेको छ ?

## सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था

## अनुसूची ४

## कर्मचारीका लागि  तयार पारिएको अन्तरवार्ता प्रश्नावली

**कर्मचारीका  नाम** **पद :**

**ठेगानाः**

१. यहाँले कुन पदमा कार्य गर्दै आउनु भएको छ ?

.............................................................................................................

२. विद्यालयले कर्मचारीहरुका लागि के कसरी व्यवस्थापन गर्दै आएको छ ?

.............................................................................................................

३. विद्यालयले प्रदान गरेको सेवा सुधिवा प्रति सन्तोष हुनुहुन्छ  ?

.............................................................................................................

४. कर्मचारी व्यवस्थापनबाट शैक्षिक उपलब्धिमा वृद्धि गर्न सकिन्छ भन्ने कुरामा यहाँको धारणा के कस्तो रहेको छ ?

.............................................................................................................

५. यहाँले कार्य गर्दै आएको विद्यालयमा कर्मचारी व्यवस्थापनमा देखिएका समस्याहरु के के हुन सक्छन् ?

.............................................................................................................

६. विद्यालयमा कर्मचारीको उचित व्यवस्थापन हुन नसक्दा शिक्षामा के कस्ता समस्याहरु सृजना हुन सक्छन् ?

.............................................................................................................

७. भोलिका दिनहरुमा कर्मचारीको उचित व्यवस्थापन गरेर शिक्षालाई प्रभावकारी बनाउनका लागि के कस्ता कदमहरु चाल्नु आवश्यक ठान्नु भएको छ ?

..........................................................................................................

## सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था

## अनुसूची ५

## शिक्षकका लागि अन्तरवार्ता प्रश्नावली

**नामः** **कक्षाः** **लिङ्गः**

**विद्यालय :** **ठेगाना**

1. यहँले कुन तहमा अध्यापन गराउँदै आउनु भएको छ ?

......................................................................................................

2. विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था कस्तो पाउनु भएको छ ?

......................................................................................................

3. कर्मचारी व्यवस्थापनले शैक्षिक उपलब्धिमा प्रभाव पार्दछ भन्ने कुरामा यहाँको धारणा के कस्तो रहेको छ ?

......................................................................................................

4. विद्यालयका कर्मचारीहरुमा देखिएका समस्याहरु के के होलान् ?

......................................................................................................

5. कर्मचारीहरुको उचित व्यवस्थापन हुन नसक्दा अध्यापन कार्यमा के कस्ता समस्याहरु रहेका छन् ?

......................................................................................................

6. कर्मचारी व्यवस्थापनका लागि विद्यालयले के कस्तो भूमिका निर्वाह गरेको पाउनु भएको छ ?

......................................................................................................

७. कर्मचारीको उचित व्यवस्थापन गरी शैक्षिक उपलब्धि वृद्धिका लागि शिक्षकको तर्फबाट यहाँले के कस्तो भूमिका निर्वाह गर्दै आउनु भएको छ ?

## सामुदायिक विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था

## अनुसूची ६

## विद्यार्थीका लागि अन्तरवार्ता प्रश्नावली

**नामः** **कक्षाः** **लिङ्गः**

**विद्यालय :** **ठेगाना**

१. तिमी कति कक्षामा पढ्छौँ ?

..........................................................................................................

२. तिम्रो विद्यालयमा कुन कुन पदमा कार्यरत कर्मचारीहरु हुनुहुन्छ ?

..........................................................................................................

३. तिम्रो विद्यालयका कर्मचारीहरुले आफ्नो काम जिम्मेवारी पूर्वक गरेको पाएका छौ ?

..........................................................................................................

४. विद्यालयका कर्मचारीहरुमा देखिएका समस्याहरु के के होलान् ?

..........................................................................................................

५. कर्मचारीहरुका समस्याले विद्यार्थीको शैक्षिक गतिविधिमा के कस्तो प्रभाव पारेको छ ?

..........................................................................................................

६ भोलिका दिनहरुमा कर्मचारीको उचित व्यवस्थापन गर्न विद्यार्थीको तर्फबाट तिमीले के कस्तो भूमिका निर्वाह गर्न सक्दछौ ?

..........................................................................................................